# साना होटल तथा रेष्टुरेण्टमा कार्यरत बालश्रमिकहरूको सामाजिक एवं आर्थिक अवस्था

(काठमाडौँ महानगरपालिका वडा नं. ३ मा आधारित मानवशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

पृथ्वीनारायण क्याम्पस मानवशास्त्र विभाग स्नातकोत्तर

तह दोस्रो वर्षको मानवशास्त्र विषयको

आंशिक प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**


**प्रस्तुतकर्ता**

प्रमिला लम्साल

क्याम्पस रोल नं. ५१५/०७० (बी)

त्रि.वि. दर्ता नं. : ९-१-४८-१३५७-२००३



त्रिभुवन विश्व विद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

मानवशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा

२०७५



साना होटल तथा रेष्टुरेण्टमा कार्यरत बालश्रमिकहरूको ...

प्रमिला लम्साल

२०७५

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी सङ्काय अन्तर्गत मानवशास्त्र विभागद्वारा स्नातकोत्तर तह द्वितीय वर्ष दशौं पत्रको आंशिक प्रयोजनका लागि मानवशास्त्र विषयको शोधपत्र मेरो प्रत्यक्ष निर्देशन र सुपरीवेक्षणमा रही यस विभागकी छात्रा **प्रमिला लम्साल**ले **साना होटल तथा रेष्टुरेण्टमा कार्यरत बालश्रमिकहरूको सामाजिक एवं आर्थिक अवस्था** (**काठमाडौँ महानगरपालिका वडा नं. ३ मा आधारित मानवशास्त्रीय अध्ययन**) शीर्षकमा यो शोधपत्र तयार पार्नु भएको हो । यो शोधपत्र सम्बन्धी उहाँको कार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७५

उपप्रा. शरद कुमार पौडेल
शोध निर्देशक
मानवशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकोत्तर तहको पाठ्यक्रमअनुरूप **प्रमिला लम्सालद्वारा** तयार गरिएको **साना होटल तथा रेष्टुरेण्टमा कार्यरत बालश्रमिकहरूको सामाजिक एवं आर्थिक अवस्था (काठमाडौँ महानगरपालिका वडा नं. ३ मा आधारित मानवशास्त्रीय अध्ययन**) शीर्षकको यस शोधपत्रलाई देहायको मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

....................................

उपप्रा. शरद कुमार पौडेल

शोध निर्देशक

..............................................

उपप्रा. जनार्दन थापा

बाह्य परीक्षक

........................................

उपप्रा. सूर्यभक्त सिग्देल

विभागीय प्रमुख

मिति : वि.सं. २०७५।...............

# कृतज्ञता ज्ञापन

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत मानवशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्ति गर्ने सिलसिलामा **साना होटल तथा रेष्टुरेण्टमा कार्यरत बालश्रमिकहरूको सामाजिक एवं आर्थिक अवस्था (काठमाडौं महानगरपालिका वडा नं. ३ मा आधारित मानवशास्त्रीय अध्ययन)** विषयको शोधपत्र तयार पारेकी छु ।

यस अध्ययनलाई तयार पार्न अमूल्य सहयोग तथा समय दिएर उत्प्रेरित गर्नुहुने विभागीय प्रमुख सूर्यभक्त सिग्देल र शोध निर्देशक शरदकुमार पौडेलको प्राप्त सुझाव, सल्लाह र निर्देशनको लागि उहाँ प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

यस अध्ययनको क्रममा सहयोग गर्नुहने मेरा आदरणीय गुरु बाह्य परीक्षक जनार्दन थापा तथा अन्य विभागीय सदस्यहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालयका कर्मचारी साथीहरूले समयसमयमा पाठ्यसामग्री उपलब्ध गराई सहयोग पुऱ्याउनुभएकोमा वहाँहरू प्रति दिलैदेखि सम्मान प्रकट गर्दछु । त्यस्तै मलाई हौसला प्रदान गरी सहयोग गर्ने मेरा श्रीमान् एकारत्न शर्मा (आचार्य) तथा भान्जा ईश्वर कँडेलप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

अध्ययनका क्रममा सम्बन्धित प्रश्नावलीहरूमा आफ्ना अमूल्य सुझाव तथा प्रतिक्रियाहरू व्यक्त गरी अध्ययनलाई साकार पार्न सहयोग गर्नुहुने सम्बन्धित अध्ययन क्षेत्रका उत्तरदातालाई धन्यवाद प्रकट गर्दछु ।

शोधपत्रलाई मेहनतका साथ समयमा नै कम्प्युटर टाइपिङ गरी अमूल्य सहयोग गर्नुहुने श्रेष्ठ कम्प्युटर सर्भिसप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

..............................

**प्रमिला लम्साल**

## शोध सार

### शीर्षक : साना होटल तथा रेष्टुरेण्टमा कार्यरत बालश्रमिकहरूको सामाजिक एवं आर्थिक अवस्था (काठमाडौं महानगरपालिका वडा नं. ३ मा आधारित मानवशास्त्रीय अध्ययन)

#### १. अध्ययनको पृष्ठभूमि

आजका बालबालिका राष्ट्र निर्माणका लागि भविष्यका कर्णधार हुन् । उनीहरूको भविष्यसँग राष्ट्रको भविष्य समेत जोडिएको हुन्छ । त्यसैले बाल्यकालमा बालबालिकाको स्वास्थ्य, शिक्षा, पौष्टिक आहार, उचित पोषण, माया, ममतामा हुर्किने वातावरण सिर्जना गरिनुपर्दछ । सामाजिक संरक्षण र बाल हकहितबाट बालबालिकालाई वञ्चित गर्नु हुँदैन । मुलुकलाई आवश्यक पर्ने जनशक्तिको मूल स्रोत नै वर्तमानका बालबालिका हुन् । असल नागरिकबाट समृद्ध भविष्यको अपेक्षा गरिएको हुन्छ । बालबालिकाको भविष्य भनेकै उनीहरूको वतृमान अवस्था हो । एउटा सिङ्गो राष्ट्रको भविष्य नै बालबालिकाहरूको अवस्थासँग जोडिएको छ । उनीहरूले गरेका कार्यले नै उनीहरूलाई योग्य र सफल बनाउँछ ।

#### २. समस्याको कथन

सबै प्रकारका श्रमहरू शोषणमूलक हुँदैनन् । श्रमलाई एक सकारात्मक र जीवनका लागि अत्यावश्यक सीप सिक्ने प्रक्रियाको रूपमा स्वीकार गरिएको छ । मुलुकको विद्यमान कानुनले तोकेको रोजगारमा प्रवेश गर्ने उमेर पूरा नगरेका बालबालिकाहरूलाई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा बाधा पुग्ने गरी अति न्यून पारिश्रमिक दिई वा नदिई कुनै पनि किसिमको काममा लगाइन्छ भने त्यसर्ला शोषणमूलक बालश्रम मान्न सकिन्छ । यस्तो काममा संलगन बालबालिकालाई "बालश्रमिक" भनिन्छ । नेपालको परिप्रेक्ष्यमा खास गरी शारीरिक, मानसिक, यौनजन्य वा भावनात्मक शोषणबाट पीडित, पढ्ने, लेख्ने, खेल्ने वा आरा मगर्ने नैसर्गिक अधिकारबाट वञ्चित, कामको बोझबाट थिचिएका र आफ्नो परिवार भन्दा बाहिर गई काम गर्ने १४ वर्षभन्दा मुनिका बालबालिकाहरूलाई "बाल श्रमिक" मानिएको छ । यिनीहरूद्वारा गरिने श्रमलाई 'बालश्रम' भनिन्छ । अहिलेको समयमा बालश्रमलाई मानव अधिकारको एक उपेक्षित पक्षको रूपमा लिन सकिन्छ । संयुक्त राष्ट्र संघले प्रतिपादन गरेको बालअधिकारले बालबालिकाको अधिकारमा शिक्षा, अभिव्यक्ति, स्वतन्त्रता र शोषणपूर्ण कामबाट स्वतन्त्र हुन पाउनुपर्ने कुरा पनि उल्लेख गरेको छ । हाम्रो सामाजिक संरचना, विपन्नता, अविकसित अवस्था, गरिबीको संस्कृति, युवाको लागि राज्यको नीतिहिनता, अशिक्षा, बाल अधिकारको उचित कार्यान्वयन, मानव अधिकार राम्रो पालन नहुनु आदि कारण नै बालश्रमिकको समस्या उत्पन्न हुने प्रमुख कारणहरू हुन् ।

#### ३. अध्ययनको उद्देश्य

विशिष्ट उद्देश्यहरू

- साना होटल/रेष्टुरेन्टमा काम नर्गे बालबालिकाहरूको सामाजिक तथा आर्थिक अवस्था पत्ता लगाउनु,

- साना होटल तथा रेष्टुरेन्टमा काम गर्न, बालश्रमिक बन्नु पर्नाका कारणहरू र बालश्रमिकहरूले भोग्नु परेका समस्या र कारणहरू पत्ता लगाउनु ।

## ४. अध्ययनको सैद्धान्तिक ढाँचा

मानवशास्त्रीय सिद्धान्तअन्तर्गत व्यक्तित्ववादी सिद्धान्त र मार्क्सको शोषणवादी सिद्धान्तलाई आधार मानी शोधकार्य सम्पन्न गरिएको हो ।

## ५. अनुसन्धान विधि

- अनुसन्धान ढाँचा वर्णनात्मक तथा खोजमूलक अनुसन्धान विधि अपनाइएको थियो ।
- कुल ६० जना मध्ये ३६ बालक र २४ बालिका छनोट गरिएको हो । साथै तथ्याङ्क सङ्कलनका लागि अन्तर्वार्ता सुची, अवलोकन, वैयक्तिक अध्ययन र प्रमुख जानकार व्यक्तिसँग अन्तर्वार्ता लिइएको थियो ।

## ६. निष्कर्ष

अधिकांश बालश्रमिकको अवस्थाबारे अध्ययन गर्दा हाम्रो सामाजिक संरचना, चिन्तन, बेरोजगारी, अशिक्षा, गरिबीका संस्कृति आदि पक्ष जिमेवार देखिन्छ । भूमिको न्यायिक वितरण नहुनु, भूमिहिनता, औद्योगिक विकास नहुनुका कारण प्रशस्त मात्रामा बेरोजगारी, अर्धबेरोजगारी र श्रमिकको रूपमा बाँच्न बाध्य हुनुपर्ने अवस्था जसले गर्दा बालबालिकाहरू पनि त्यसबाट अछुतो रहन सकेका छैनन् । साना होटलमा काम गर्ने बालश्रमिकहरूमा बालिकाहरू भन्दा बालकहरूको सङ्ख्या बढी छ । उनीहरू १०-१४ वर्ष उमेरका रहेका छन् । जातजातिका आधारमा दलित बालबालिकाहरूको संखया बढी रहेको भए पनि अन्य जातजाति गुरुङ, मगर, नेवार, क्षेत्री, खत्री, राई, आदिको सङ्ख्या पनि उल्लेख्य रहेको छ । धार्मिक दृष्टिकोणले हिन्दू धर्म मान्नेहरूको बाहुल्यता रहेको छ भने दुई जनाले मात्र इसाइ धर्म मान्ने गरेको देखियो । परिवार ठूलो भएको, एक जनाको कमाइले मात्र घर धान्न मुस्किल पर्ने हुनाले आफ्ना बालबालिकाहरूलाई पनि आर्थिक टेवाको लागि बालश्रमिकको रूपमा काम गर्न पठाएको पाइयो । यी बालश्रमिकहरूको शैक्षिक स्थितिमा उनीहरू सामान्य साक्षर र निरक्षर देखिन्छन् । उनीहरूका आमा बुबाको शैक्षिक स्थितिमा निरक्षर र सामान्य साक्षरको सङ्ख्या धेरै देखियो । परिवारको माया ममतामा हुर्कनु पर्ने, झोला बोकी स्कुल जानुपर्ने, स्वस्थ वातावरणमा रम्नु पर्ने बालबालिकाहरू आज बाध्यतावश शोषणमूलक परस्थितिमा श्रमबजारमा काम गर्न बाध्य छन् । एकातिर उनीहरूको श्रमको शोषण भइरहेको छ भने अर्कोतिर बालअधिकारको हनन् समेत भइरहेको छ । समयमा नै सरकारले यी बालबालिकाहरूको संरक्षण गर्न बालअधिकार र बालश्रमसँग सम्बन्धित नियम कानुनलाई कडाइका साथ व्यवहारमा लागु गर्नु आजको टड्कारो आवश्यकता हो ।

# विषय सूची

| | | पृष्ठ |
|---|---|---|
| सिफारिस पत्र | | II |
| स्वीकृति पत्र | | III |
| कृतज्ञता ज्ञापन | | IV |
| शोध सार | | V |
| विषय सूची | | VII |
| तालिका सूची | | X |
| चित्र सूची | | XI |
| **अध्याय एक : परिचय** | | **१-७** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको उद्देश्य | ६ |
| १.४ | अध्ययनको महत्व | ६ |
| १.५ | अध्ययनको सिमा | ७ |
| १.६ | अध्ययनको सांगठनिक संरचना | ७ |
| **अध्याय दुई : साहित्यिक पुनरावलोकन** | | **८-२९** |
| २.१ | सैद्धान्तिक अवधारणाको पुनरावलोकन | ८ |
| | २.२.१ व्यक्तित्ववादी सिद्धान्त | ८ |
| | २.२.२ मार्क्सको शोषणको सिद्धान्त | ९ |
| | २.२.३ नेपालमा बालश्रमको अवधारणा | ९ |
| | २.२.४ पूर्वअध्ययनको पुनरावलोकन | १२ |
| | २.२.५ काठमाडौंमा बालश्रमिकको स्थिति | १८ |
| २.३ | नीति तथा ऐन कानून र सरकारका प्रमुख राष्ट्रि तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू | १९ |

२.४ तीन वर्षीय अन्तरिम योजना (वि.सं. २०६४-२०६७) २२

२.५ बालश्रम सम्बन्धी पूर्व अध्ययन २४

२.६ अवधारणात्मक खाँका २७

**अध्याय तीन : अनुसन्धान पद्धति ३०-३३**

३.१ अध्ययन क्षेत्र छनौटको औचित्य ३०

३.२ अनुसन्धान प्रारूप ३०

३.३ तथ्याङ्कको प्रकृति र स्रोत विधि ३१

३.३.१ प्राथमिक तथ्याङ्क ३१

३.३.२ द्वितीय तथ्याङ्क ३१

३.४ समग्र र नमुना ३१

३.५ तथ्याङ्क सङ्कलन विधि ३२

३.५.१ अर्न्तवार्ता सूचि ३२

३.५.२ अवलोकन ३२

३.५.३ वैयक्तिक अध्ययन विधि ३२

३.५.४ जानकार व्यक्तिसँगको अन्तर्वार्ता ३३

३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुति ३३

३.७ अध्ययनको सिमा ३३

**अध्याय चारः अध्ययन क्षेत्रका बालबालिकाहरूको सामाजिक तथा आर्थिक अवस्था ३४-५६**

४.१ बालश्रमिकहरूको सामाजिक अवस्था ३४

४.१.१ जिल्लाका आधारमा बालश्रमिकहरूको वर्गीकरण ३४

४.१.२ बालश्रमिकको उमेर र लैङ्गिक विवरण ३५

४.१.३ बालश्रमिकहरूको जातीय विवरण ३६

४.१.४ बालश्रमिकहरूको धार्मिक विवरण ३७

४.१.५ बालश्रमिकको पारिवारिक पृष्ठभूमि ३८

४.१.६ बालश्रमिकहरूको पारिवारिक अभिभावक स्थिति ३९

४.१.७ बालश्रमिकहरूको बसाई सराइको विवरण ४०

४.१.८ बालश्रमिकहरूको बसाईसराईको स्थिति ४०

४.१.९ बालश्रमिकहरू शहर आउनुपर्ने कारणको विवरण ४१

४.१.१० बालश्रमिकहरूको शहर आउने माध्यम ४२

४.२ बालश्रमिकहरूको आर्थिक अवस्था ४३

४.२.१ परिवारको पेशा ४३

४.२.२ बालश्रमिकहरूको परिवारको खेती योग्य जमिनको विवरण ४४

४.२.३ खेतीबाट वर्ष दिन खान पुग्ने/नपुग्ने अवस्था ४५

४.२.५ बालश्रमिकहरूको दैनिक काम गर्ने अवधि ४५

४.२.६ बालश्रमिकहरूको खर्च ४६

४.३ बालश्रमिकहरूको शैक्षिक अवस्था ४८

४.३.१ आमा बुवाको शैक्षिक स्तर ४९

४.३.२ बाल श्रमिकहरूलाई बाल अधिकार र बालश्रमबारेको जानकारी ५०

४.४ बालश्रमिकहरूको स्वास्थ्य स्थिति ५१

४.४.१ बालश्रमिकहरूको चोटपटक वा जोखिमको अवस्था ५२

४.५ काम गर्ने ठाउँको विवरण ५२

४.६ बालबालिका बालश्रमिक बन्नुको कारण ५३

४.७ बालश्रमिकले भोग्नुपरेको समस्या ५४

४.८ भविष्यको लक्ष्य ५६

**अध्याय पाँच : सारांश र निष्कर्ष ५७-६०**

५.१ सारांश ५७

६.२ निष्कर्ष ६०

सन्दर्भ सामग्रीहरू ६१

अनुसूचीहरू

# तालिका सूची


| तालिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | जिल्लाका आधारमा बालश्रमिकहरूको वर्गीकरण | ३४ |
| ४.२ | बालबालिकाहरूको उमेरगत तथा लैङ्गिक विवरण | ३५ |
| ४.३ | जातीय वितरण | ३६ |
| ४.४ | बालश्रमिकका आमा बुवाको अवस्था | ४९ |
| ४.५ | बालश्रमिक शहर को सँग आए । | ४२ |
| ४.६ | बालश्रमिकको परिवारको पेशा | ४३ |
| ४.७ | जमिनको विवरण | ४४ |
| ४.८ | बालश्रमिकहरूको दैनिक खर्च विवरण खाद्यान्न र यातायात | ४७ |
| ४.९ | औषधी तथा मनोरञ्जन (मासिक) | ४७ |
| ४.१० | लुगाफाटोमा हुने वार्षिक खर्च | ४८ |
| ४.११ | बालश्रमिकहरूको शैक्षिक स्थिति | ४८ |
| ४.१२ | आमाबुवाको शैक्षिक अवस्था | ४९ |
| ४.१३ | बालश्रम र बालअधिकारको जानकारी | ५० |
| ४.१४ | स्वास्थ्य अवस्था | ५१ |
| ४.१५ | बालश्रमिकको शरीरमा लाग्ने चोट वा जोखिम | ५२ |
| ४.१६ | बालश्रमिकहरूले काम गर्ने ठाउँ वा वातावरण | ५३ |
| ४.१७ | बालश्रमिक बन्नुका कारणहरू | ५४ |
| ४.१८ | बालश्रमिकले भोग्नुपरेको समस्या | ५५ |
| ४.१९ | बालश्रमिकहरूको भविष्यको लक्ष्य | ५६ |

# चित्र सूची


| चित्र | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | बालश्रमिकहरूको धार्मिक बनावट | ३७ |
| ४.२ | बालश्रमिकको पारिवारिक अवस्था | ३८ |
| ४.३ | बालश्रमिकको बसाईसराईको अवस्था | ४१ |
| ४.४ | बालश्रमिक शहर आउनुपर्ने कारण | ४१ |
| ४.५ | वर्ष दिन खान पुग्ने/नपुग्ने अवस्था | ४५ |
| ४.६ | दैनिक काम गर्ने अवधि | ४६ |

## List of Acronyms

| | | |
|---|---|---|
| CWIN | : | Child Welfare in Nepal |
| ILO | : | International Labour Organization |
| INSEC | : | Informal Sector Service Center |
| IPEC | : | International Program on the Elimination of Child labour |
| NGO | : | Non-Government Organization |
| NPC | : | National Planning Commission |
| TU | : | Tribhuvan University |
| UNICEF | : | United Nations Children's Fund |
| WHO | : | World Health Organization |

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

आजका बालबालिका राष्ट्र निर्माणका लागि भविष्यका कर्णधार हुन् । उनीहरूको भविष्यसँग राष्ट्रको भविष्य समेत जोडिएको हुन्छ । त्यसैले बाल्यकालमा बालबालिकाको स्वास्थ्य, शिक्षा, पौष्टिक आहार, उचित पालन पोषण, माया, ममतामा हुर्किने वातावरण सृजना गरिनुपर्दछ । सामाजिक संरक्षण र बाल हकहितबाट बालबालिकालाई बञ्चित गर्नुहुँदैन । मुलुकलाई आवश्यक पर्ने जनशक्तिको मूल स्रोत नै वर्तमानका बालबालिका हुन् । असल नागरिकबाट सम्वृद्ध भविष्यको अपेक्षा गरिएको हुन्छ ।

साधारणतया "बालबालिका" भन्नाले उमेर नपुगेका वा शारीरिक तथा मानसिक रूपमा अपरिपक्क व्यक्ति भनेर बुझिन्छ । सन् १९८९ नोभेम्बर २० मा पारित "संयुक्त राष्ट्र संघिय बाल अधिकार महासन्धी" को धारा १ मा १८ वर्ष मूनिका सम्पूर्ण किशोर किशोरीहरूलाई 'बालबालिका' सम्झनु पर्दछ, भन्ने स्पष्ट व्यवस्था छ । कुनै पनि देशले आ-आफ्नो कानुन अनुसार बालबालिकाको उमेर समूह घटबढ गर्न पाउने भनी व्यवस्था गरिएको छ ।

नेपालको संविधानको १८ वर्ष भन्दा कम उमेरको व्यक्तिलाई 'नाबालिका' मानेको छ । श्रम ऐन २०४८ को दफा (ज) अनुसार 'केटाकेटी' भन्नाले १४ वर्ष उमेर नपुगेका किशोर किशोरी सम्झनु पर्दछ भनिएको छ । सोही ऐनको दफा २ (झ) मा 'नाबालिका' भन्नाले १४ वर्ष उमेर पुगेका तर १८ वर्ष ननाघेका व्यक्ति सम्झनु पर्दछ । बालबालिका सम्बन्धी ऐन २०४८ को दफा २ (क) अनुसार 'बालक' भन्नाले १६ वर्ष उमेर पूरा नगरेका बालबालिका सम्झनु पर्दछ भनि उल्लेख गरिएको छ ।

जस्तो रूपमा बालश्रमिकको सन्दर्भलाई हेरिन्छ यसलाई परिभाषित गर्न भने अत्यन्त गाह्रो छ । यस सन्दर्भमा “बालक”, “श्रम” तथा “काम” आदि शब्दबाट यसको समुच्चा परिभाषा निकाल्नु पर्दछ । अन्तर्राष्ट्रिय श्रमसङ्गठन ILO (१९९६) को परिभाषाअनुसार बालश्रम अन्य श्रमभन्दा पृथक प्रकृतिको मानिन्छ । जुन श्रम सम्पन्न गर्दा उसको स्वास्थ्य, शिक्षा, मानसिकतामा प्रतिकूल प्रभाव नपरोस् । खासगरी बालस्वास्थ्यमा असर पार्ने खालका काममा बालकबालिकालाई लगाइनु हुँदैन । अक्सफोर्ड अंग्रेजी शब्दकोश अनुसार “बालक भन्नाले भर्खरै जन्मेको केटा वा केटी तथा श्रम भन्नाले शारीरिक तथा मानसिक काम भन्ने उल्लेख गरिएको छ । कच्चा उमेरका बालबालिकालाई काममा लगाउनुलाई मानव शोषणको रूपमा लिइन्छ । शोषणबाट बालश्रमिकहरू बालसुलभ स्वतन्त्रताबाट बञ्चित हुने मात्र होइन उनीहरूको विकास प्रक्रिया पनि अवरुद्ध हुन्छ । नेपालमा विद्यमान “बाल ऐन” तथा श्रम ऐन, २०४८ अनुसार १६ वर्ष भनि परिभाषित गरिएको छ । उमेर १४ वर्ष मुनिका बालबालिकालाई श्रमिक कार्यमा संलग्न गराउन पूर्ण रूपले कानुन अनुसार नै बन्देज लगाइएको छ । उमेर समूह १४ देखि १६ वर्षका बालबालिकाले दिनम ६ घण्टा भन्दा कम काम गर्ने र हप्तामा ३६ घण्टा वा कम समय काम गर्ने अवस्था रहेमा यसलाई अस्वाभाविक मानिदैन । एक तथ्याङ्क अनुसार उमेर समूह ५ देखि १४ वर्षका बालबालिकहरू हाम्रो मुलुकमा सामान्यतया काममा जुटेको पाइन्छ । त्यसमध्ये १.७ लाख बालबालिका आर्थिक रूपले सक्रिय मानिन्छन् ।

सिविन (१९९३) अनुसार बालश्रम नेपालको लागि नौलो सन्दर्भ होइन । कतिपय अवस्थामा बालश्रमिकहरूको सङ्ख्या उच्च भए तापनि सार्वजनिक रूपमा त्यसको प्रस्तुती नहुनु पनि मूल कारण हुनसक्दछ । अदृष्य रूपमा बाल श्रमलाई सामान्य रूपमा लिने गरिन्छ । यसको मूल कारण ग्रामिण गरिबी नै मानिन्छ । बालअधिकार, शिक्षाको मूल्य नबुझ्नु, सामन्ती प्रणाली, कतिपय धार्मिक तथा साँस्कृतिक मान्यताहरू बालबालिकाको वृत्ति विकासको लागि वाधक मानिन्छ । नेपालको संविधान र कानूनले यस्तो बन्देजलाई निषेध गरेको छ र बालहितको पक्षमा कानुनी आधार खडा गरेको छ ।

आजको बालबालिका भोलिका कर्णधार हुन् । त्यसैले बालबालिकाहरूको भविष्य सुनौलो बनाउन र समाज र राष्ट्रको पनि महत्वपूर्ण दायित्व हुन्छ । बालबालिकाको बाल्यकाल देखि नै उचित शिक्षा, स्वच्छ वातावरण र बालअधिकारका सुविधा बेरोकटोक उपभोग गर्न पाउनु

पर्दछ। राज्यले बालबालिकाहरूलाई बालअधिकारको प्रत्याभूति दिनु पर्दछ। सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्र  संघद्वारा पारित गरिएको बाल अधिकार महासन्धीमा ५४ वटा दफा रहेका छन्। यसलाई ४ समूहमा बाँडी बालबालिकाको हक हितलाई सुरक्षित गर्ने व्यवस्था गरिएको छ।

१. बाल बचाउ सम्बन्धी अधिकारः यसमा बालबालिकाको बाच्ने अधिकार, जीवनको अधिकार, स्वास्थ्य र स्वास्थ्य सम्बन्धी स्याहार, उच्चतम स्तरको सेवा पाउने अधिकार अन्तरर्गत पर्दछ।

२. बाल संरक्षण : यो समूहमा हरेक किसिमका भेदभाव, शोषण, दुर्व्यवहार र अवहेलनाबाट संरक्षण पाउने अधिकार पर्दछन्। साथै परिवारविहिन बालबालिका र शरणार्थी बालबालिकाहरूको संरक्षण पाउने अधिकार पर्दछ।

३. बाल विकास : यस हरेक किसिमका शिक्षा (औपचारिक, अनौपचारिक) प्राप्त गर्ने अवसर र अधिकारको वर्णन छ। बालबालिकाको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासका निम्ति चाहिने सुविधाहरू भएको जीव स्तरको अधिकारको वर्णन छ।

४. बाल सहभागिताः बाल अधिकार (२०५६) अनुसार यो समूहमा बालबालिकाहरूको विचारको स्वतन्त्रता, विशेषगरि उनीहरूको आ-आफ्नो जीवनसँग सम्बन्धित विषयहरूको छलफलमा भाग लिन पाउने, आफ्नो विचार व्यक्त गर्न पाउने स्वतन्त्रता, संसारका विभिन्न घटना र विषयहरू बारे जानकारी पाउने र आफ्नो विचार व्यक्त गर्न पाउँने अधिकार साथै संघ, संस्था, समूह गठन गर्न पाउने अधिकार आदि पर्दछन्। बालबालिकाको आवाजलाई सम्मान दिने विचारको कदर गर्ने कुराहरू यसमा पर्दछन् (बालबालिका सम्बन्धी ऐन, २०४८)।

नेपालको संविधानले नाबालकलाई कुनै पनि कारखाना वा खानीमा वा अन्य यस्तै जोखिमपूर्ण काममा लगाइने छैन भनि व्यवस्था गरेको छ। त्यस्तै राज्यको निर्देशन सिद्धान्त अन्तर्गत राज्यले बालबालिकाको शोषण हुन नदिई उनीहरूको हक र हितको रक्षा प्रदान गर्ने नीति अवलम्बन गर्ने कुरा उल्लेख गरिएको छ।

नेपालको संविधान २०७२ अनुसार बालबालिकाको हक सम्बन्धी निम्न व्यवस्था गरिएको छ ।

१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ ।

२) प्रत्येक बालबालिकालाई पालन पोषण, आधारभूत स्वास्थ्य तथा सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ ।

३) प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनैपनि किसिमको शोषण विरुद्धको हक हुनेछ । यस्तो शोषण जन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ । यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।

४) असहाय, अनाथ, शुस्त मनस्थिति, द्वन्द पिडित, विस्थापित एवम् जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ ।

५) कुनैपनि नाबालकलाई कुनै कारखाना, खानी वा त्यस्तै अन्य कुनै जोखिमपूर्ण कार्यमा लगाउन तथा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइने छैन ।

नेपालको कूल जनसङ्ख्या मध्ये ४१% बालबालिकाहरू १६ वर्ष मुनिका छन् । त्यसमध्ये ०-१४ वर्ष सम्मका ८८% बालबालिकाहरू गाउँमा बस्छन् भने शहरी क्षेत्रमा १२% बस्दछन् । बालबालिका ऐन र श्रम ऐन २०४८ अनुसार नेपालमा झण्डै ४०% बालबालिकाहरू १५ वर्ष मुनिका छन् । १६ वर्ष मुनिकालाई बालबालिकाको रूपमा मानिएको छ, भने १४ वर्ष मुनिका बालबालिकालाई श्रमिकको रूपमा काम गर्न बन्देज छ । उमेर समूह १४-१७ वर्ष सम्मका बालबालिकाको निर्धारित समय सम्म काम गर्न सकिने बताइएको छ (बालबालिका सम्बन्धी ऐन, २०४८) ।

## १.२ समस्याको कथन

बालबालिका भनेका राष्ट्रका भविष्य हुन् । यिनै बालबालिकाहरू भोलि राष्ट्र निर्माणका निर्णायक स्थानमा पुग्दछन् । नेपाल जस्तो विकासोन्मुख राष्ट्रका बालबालिकाहरूले आफूले पाउनु पर्ने आधारभूत आवश्यकता स्वास्थ्य र शिक्षा जस्तो अति महत्वपूर्ण अधिकारबाट

बञ्चित हुनु परेको अवस्था छ । उनीहरूको शारीरिक तथा मानसिक विकासको अवसर पनि कतिपय अवस्थामा गुमाइ रहेका छन् । आफ्नो बाँच्न पाउने अधिकारबाट बञ्चित भै गरिबीको कारण विभिन्न क्षेत्रमा बालश्रमिमको रूपमा काम गर्न विवश छन् । कुनै पनि राष्ट्रको विकास उसको बालविकासको अवसरसँग पनि गाँसिएको हुन्छ । त्यसैले जुन देशमा बालबालिकालाई उन्नति गर्ने राम्रो अवसर दिइएको हुन्छ त्यो देश निश्चय पनि विकास तिर अग्रसर हुन्छ ।

सबै प्रकारका श्रमहरू शोषण मूलक हुँदैनन् । श्रमलाई एक सकारात्मक र जीवनका लागि अत्यावश्यक शिप सिक्ने प्रक्रियाको रूपमा नि स्वीकार गरिएको छ । मुलुकको विद्यमान कानुनले तोकेको रोजगारमा प्रवेश गर्ने उमेर पूरा नगरेका बालबालिकाहरूलाई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा बाधा पुग्ने गरि अति न्यून पारिश्रमिक दिई वा नदिई कुनै पनि किसिमको काममा लगाइन्छ भने त्यसलाई शोषणमूलक बालश्रम मान्न सकिन्छ । यस्तो काममा संलग्न बालबालिकालाई "बालश्रमिक" भनिन्छ ।

नेपालको परिप्रेक्ष्यमा खास गरी शारीरिक, मानसिक, यौन जन्य वा भावनात्मक शोषणबाट पिडित, पढ्ने, लेख्ने, खेल्ने वा आरा मगर्ने नैसर्गिक अधिकारबाट बञ्चित, कामको बोझको थिचिएका र आफ्नो परिवार भन्दा बाहिरक गई काम गर्ने १४ वर्षभन्दा मुनिका बालबालिकाहरूलाई 'बालश्रमिक' मानिएको छ । यिनीहरूद्वारा गरिने श्रमलाई 'बालश्रम' भनिन्छ ।

अहिलेको समयमा बालश्रमलाई मानव अधिकारको एक उपेक्षित पक्षको रूपमा लिन सकिन्छ । संयुक्त राष्ट्र संघले प्रतिपादन गरेको बालअधिकार (१९८९) ले बालबालिकाको अधिकारमा शिक्षा, अभिव्यक्ति स्वतन्त्रता र शोषणपूर्ण कामबाट स्वतन्त्र हुनु पाउनुपर्ने कुरा उल्लेख गरेको छ । हाम्रो सामाजिक संरचना, विपन्नता, अविकसित अवस्था गरिबीको संस्कृति यूवाको लागि राज्यको नीतिहिनता, अशिक्षा, बालअधिकारको उचित कार्यान्वयन, मानवअधिकार राम्रो पालन नहुनु आदि कारण  नै बालश्रमिमको समस्या उत्पन्न हुने प्रमुख कारणहरू हुन् । यस अध्ययनसँग सम्बन्धित अनुसन्धानमूलक प्रश्न पसप्रकार छन् ।

- बालश्रमिकको सामाजिक, आर्थिक अवस्था कस्तो छ ?
- के कारणहरूले गर्दा बालश्रमिक बन्न बाध्य भए ?
- बालबालिकाहरूलाई कुन कुन कारणले यसता कार्यहरूमा धकेल्ने गरेको छ ?

- बालबालिकाहरूलाई कसरी यस्ता बाध्यात्मक कार्यहरूबाट छुट्कारा दिलाउन सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको साधारण उद्देश्य साना होटल तथा रेष्टुरेन्टमा काम गर्ने बालश्रमिकहरूको सामाजिक तथा आर्थिक अवस्थाबारे खोजमूलक अध्ययन गर्नु रहेको छ। विशिष्ट उद्देश्यका रूपमा:

- साना होटल/रेष्टुरेन्टमा काम गर्ने बालबालिकाहरुको सामाजिक तथा आथिृक अवस्था पत्ता लगाउनु ।
- साना होटल तथा रेष्टुरेन्टमा काम गर्न, बाल श्रमिक बन्नु पर्नाका कारणहरु पत्ता लगाउनु र बाल श्रमिकहरुले भोग्नु परेको समस्या र कारणहरु पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्व

विश्वमा आएको औद्योगिकरण, शहरी र व्यापारीकरणको प्रक्रियाले नेपाललाई पनि प्रभाव पारेको छ। त्यसै प्रक्रियाले बालश्रम जस्तो सामाजिक समस्यालाई भित्र्याउन मद्दत पुऱ्याएको छ। बालश्रम एक सामाजिक समस्याको रूपमा मात्र नभई राष्ट्रिय समस्याको रूपमा देखा परेको छ। यसका पछाडि धेरै चुनौतिहरू पनि छन्। यस्ता समस्याबारे अध्ययन अनुसन्धानका माध्यमबाट समयमै समस्यासँग सम्बद्ध पक्षहरूलाई उजागर गर्न आवश्यक ठहर्दछ। नेपालमा विभिन्न ७ प्रकारका निकृष्ट क्षेत्रमध्ये बालश्रम पनि प्रमुख मानिन्छ। होटल, रेष्टुरेन्टमा काम गर्नुपर्ने बाध्यता र त्यससँग सम्बन्धित कार्य निम्न स्तरका कामको श्रेणीमा पर्दछ।

नेपालका शहरी क्षेत्रमा विभिन्न पेशामा लागेका थुप्रै बालश्रमिकहरू पाइन्छन् ।शहरी क्षेत्रमा श्रमिकका रूपमा कार्यरत बालश्रमिकहरू अधिकांश ग्रामिण क्षेत्रबाट आएका छन्। राष्ट्र निर्माणमा सवल नेतृत्व प्रदान गर्न, शिक्षा आर्जन गर्न विद्यालय जानुपर्ने बालबालिकाहरू बालश्रमिक बन्न बाध्य छन्। अन्य पेशामा लागेका बाल श्रमिकहरू भन्दा होटल, रेष्टुरेन्टमा काम गर्ने पेशामा लागेका बालश्रमिकहरूको कार्य क्षेत्र चुनौतीपूर्ण रहेका छन्। संवद्ध

बालबालिकाहरू शारीरिक, मानसिक तथा आर्थिक रूपमा बढी शोषित र पीडित देखिन्छन् (१९९८, CWIN) ।

बालबालिकाहरूलाई स्वच्छ वातावरणमा हुर्किने अवसर प्रदान गर्नुपर्दछ। यी बालबालिकाहरू नै राष्ट्र का सम्पत्ति हुन् बालश्रमिबारेमा गरिएको यो नयाँ अध्ययन त होइन यस अघि पनि विभिन्न क्षेत्रमा बालश्रमिकबारे धेरै अध्ययन भएको पाइन्छ । साना होटल/रेष्टुरेन्टमा कार्यरत बालश्रमिकको सङ्ख्या काठमाडौंमा बढी केन्द्रित रहेको पाइन्छ । राजधानी शहर भएकोले होटलको सङ्ख्या बढी भएको अनुपातमा बालश्रमिक पनि धेरै छन् । यस अध्ययनबाट सिमित मात्रामा भएपनि काठमाडौं क्षेत्रमा साना होटल/रेष्टुरेन्टमा कार्यरत बालश्रमिकको सामाजिक, आर्थिक अवस्थाबारे जानकारी लिन सकिन्छ। प्रस्तुत अध्ययनले अरु अध्ययनकर्ता, नीति निर्माता, योजनाविद, संवद्ध गैरसरकारी संस्था तथा अ.रा. गैरसरकारी, संस्था, बालसंरक्षणसँग सम्बद्ध सरोकारवाला सबैलाई सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

## १.५ अध्ययनको सिमा

यस अध्ययनका केही सिमा तथा बाध्यताहरू हुनु स्वभाविकै हो । अध्ययनमा काठमाडौंको महाराजगञ्ज क्षेत्रका सबै साना होटल/रेष्टुरेन्टका बालश्रमिकलाई समेटिएको छैन । केवल महराजगञ्ज, काठमाडौं महानगरपालिका वडा नं. ३ अन्तर्गत पर्ने सिमित क्षेत्र मात्र समेटिएको छ । सम्बद्ध बालश्रमिकहरूको उमेर सिमा १०-१४ वर्षसम्म रहेको छ । समयको निश्चित सीमा भएको कारणले समग्र रूपमा समस्याको पहिचान गर्न सकिएको छैन । यस अध्ययनबाट वस्तुवादी परिस्थिति मनन हुने कुरा अपेक्षा गर्न सकिन्छ। काठमाडौं महानगरपालिकाको रिपोर्टबाट बालश्रम धेरै देखिएको छ । अध्ययन क्षेत्रमा धेरै साना होटल व्यवसाय केन्द्रित भएका आधारमा यस क्षेत्रलाई अध्ययनको लागि छनौट गरिएको छ ।

## १.६ अध्ययनको सांगठनिक संरचना

संरचनागत आधारमा यस अध्ययनलाई पाँच अध्यायमा विभाजन गरिएको छ। पहिलो अध्यायमा शोध कार्यको परिचय, दोस्रोमा यस विषयसँग सम्बन्धित सन्दर्भ सामग्रीहरूको प्रस्तुति तथा पूर्व साहित्यको अध्ययन, तेस्रोमा अनुसन्धान विधि। चौथौं अध्यायमा बालश्रमिकहरूको सामाजिक तथा आर्थिक अवस्थाको चित्रण तथा अन्तिम अध्यायमा सारांश र निष्कर्ष समावेश गरिएको छ ।

# अध्याय दुई
# साहित्यिक पुनरावलोकन

यस अध्ययनमा होटल तथा रेष्टुरेण्टहरूमा काम गर्ने बालमजदुर सम्बन्धी सैद्धान्तिक तथा अनुभवसिद्ध सन्दर्भ प्रस्तुत गरिएको छ। खासगरी बालअधिकार, बाल अधिकार सम्बन्धी कानुनी व्यवस्था, बालश्रम ऐन, बालबालिका सम्बन्धी प्रचलित नियमहरू, नीतिगत विषयहरू, अन्तर्राष्ट्रिय श्रम संगठन तथा बालअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रावधानहरू उल्लेख गरिएको छ।

## २.१ सैद्धान्तिक अवधारणाको पुनरावलोकन

### २.२.१ व्यक्तित्ववादी सिद्धान्त

यस अवधारणा सम्बन्धी चर्चा गर्दा सामाजिकीकरणको प्रक्रिया सान्दर्भिक मानिन्छ। जैविक रूपमा सृष्टि लिएको बालकलाई विभिन्न संस्था तथा व्यक्तिगत एवम् पारिवारिक प्रयत्नमा सामाजिक व्यक्तिको रूपमा स्थापित गर्ने प्रक्रिया सन्निहित हुन्छ। बानी व्यवहार नैतिकता शिष्टचार जस्ता व्यक्तिगत आचरणहरु विश्वव्यापी रूपमा फरक फरक प्रकृतिका हुन्छन्। एक समाज र संस्कृतिको सन्दर्भ पाइने आचरणहरु अर्को समाज र संस्कृतिमा नपाइन सक्छन् (मारग्रेड मिड, १९७५)।

विद्याभूषण सचदेवलाई उद्यृत गर्दै मानवशास्त्रको शब्दकोशले यसरी परिभाषित गरेको छ - सामाजिकीकरण त्यस्तो प्रक्रिया हो, जसमा सामाजिक परिस्थिति अनुसार मानिसको व्यवहार जुन शारीरिक र मानसिक पक्षसँग सम्बन्धित हुन्छ त्यसको आकार निर्धारण हुन्छ भनिएको छ। यसमा स्वसंस्कृतिग्रहण, परसंस्कृतिग्रहण, सञ्चार तथा सिकाइका कुराहरू सम्बन्धित हुन्छन्। सामाजिकीकरणको प्रक्रियाले बालसुलभ मस्तिष्कलाई परिपक्व बनाई भविष्यको लागि सुयोग्य नागरिक बन्न मद्दत मिल्दछ। कुनै पनि बालबालिकालाई कलिलो उमेरमा कठोर श्रममा लगाई उसको भविष्य कुण्ठित पार्नु न्यायसंगत तथा मानवहित एवम् बाल

अधिकार संमत हुँदैन भन्ने कुरा दर्शाउन खोजिएको छ। त्यसैले हरेक बालबालिकाहरूलाई स्वतन्त्र र उन्मुक्त वातावरण परिवार, समाज र राष्ट्रले प्रदान गर्नुपर्दछ भन्ने सन्देश प्रदान गरिएको छ।

### २.२.२ मार्क्सको शोषणको सिद्धान्त

मार्क्सले वर्ग अवधारणा र पुँजीवादी उत्पादन व्यवस्थाको विश्लेषण गरे । उनले यसको बारेमा (द कम्युनिष्ट घोषणा पत्र १८४८) मा उल्लेख गरेका छन् । मार्क्सका अनुसार पुँजीवादी व्यवस्थाले नागरकलाई दुई भागमा (मजदुर र मालिक) विभाजन गर्दछ। मार्क्सका अनुसार आफूबाट निर्मित वस्तु मूल्य श्रमिकको अधीनमा रहेन भने श्रमिक आफै शोषित हुन्छ । मार्क्सद्वारा प्रतिपादित सिद्धान्त श्रमिक बालबालिकाहरुको अवस्था थाहा पाउन उपयोगी हुन्छ । अध्यनयको क्रममा फेला परेका अधिकांश बालबालिकाहरु गरिब तथा सुकुम्बासी परिवारका सदस्य थिए । तसर्थ मार्क्सको तर्क जस्तै अधिकांश गरिब वा नहुने वर्गका बालबालिकाहरुको हुने वर्गको श्रम शोषण गरिरहेको पाइन्छ।

### २.२.३ नेपालमा बालश्रमको अवधारणा

बालश्रमलाई सहि अर्थमा बुझ्न पहिले “बालक” भन्नाले के बुझिन्छ ? भन्ने प्रश्नको उत्तरलाई सही रूपमा बुझ्न जरुरी छ। बालबालिकाको हक हितको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०४८ परिच्छेद १, को नम्बर २ (क) अनुसार ‘बालक’ भन्नाले सोह्र वर्षको उमेर पूरा नगरेको बालबालिका सम्झनु पर्छ। श्रम ऐन २०४८ अनुसार १४ वर्ष नपुगेकालाई बालक/बालिका मानिन्छ। त्यस्तै १४ वर्ष देखि १८ वर्ष बीचको व्यक्ति नाबालिक मानिन्छ। प्रसिद्ध विद्वान Boyden (1990)ले बालअवस्थालाई उसको जैविक र मनोवैज्ञानिक अवस्थामा आधारित हुन्छ तथापि उसको सामाजिक विशेषतासँग सम्बन्ध हुँदैन भनि आफ्नो अध्ययनमा बताएका छन्।

“बालश्रम” भन्ने शब्दले एक जटिल वास्तविकतालाई अंगालेको हुन्छ। बालबालिकाहरूको काम एक सांतत्यमा भएको हुन्छ -सांतत्यको एक छेउ तर्फ शोषणत्मक र खतरापूर्ण काम हुन्छ भने अर्को छेउमा फलदायी कार्य हुन्छ र यसले बालबालिकाको विद्यालय, मनोरञ्जन र आराममा बाधा नपारिकन उनीहरूको विकासमा सहयोग र सुधार गर्दछ। बालबालिकाले

गर्ने सम्पूर्ण कामलाई एकैनाससँग हेर्नु उत्तिकै गलत हुन्छ र त्यसैले लाभदायक र असहायक काम बीच हुने अन्तरलाई छुट्याउनु पर्दछ (युनिसेफ २००९) ।

नयाँ अन्तर्राष्ट्रिय श्रम मापदण्डको आवश्यकता र कठिन प्रकृतिको बालश्रम उन्मुलन सम्बन्धी प्रस्तावित नयाँ आई.एल.ओ. को अभिसन्धीले "कठिन प्रकृतिको बालश्रम" लाई निम्नानुसार परिभाषित गरेको छ ।

- सबै प्रकारका दासत्वहरू र दासत्व जस्ता अभ्यासहरूमा जस्तै बालबालिकाको बेचबिखन, बाध्यकारी अथव जबरजस्ती श्रम, बंधुवा श्रम र करिया प्रथा ।
- गैरसरकारी क्रियाकलापहरूमा जस्तैः वेश्यावृत्ति, अश्लिल, प्रकाशन तथा प्रदर्शन आदि
- बालबालिकालाई शारीरिक, भावनात्मक वा यौनजन्य दुर्व्यवहार हुने खालका कामहरू ।
- जमिन मुनी, पानी मुनी र खतराजनक उचाईमा गरिने कामहरू ।
- गह्रौ वजन सहित मानिसद्वारा ढुवानी गर्नुपर्ने र खतराजनक मेशिन वा साधनहरूको प्रयोग गरिने कामहरू ।
- अत्यधिक ताप, आवाज र कम्पन भएको अस्वस्थकर वातावरणमा गरिने कामहरू
- रात्रीको काम अथवा दैनिक रूपमा घर फर्कन नसकिने जस्ता विशेष शर्त सहितका कामहरू आदि (बा.आ. २०५६) ।

नेपालको सन्दर्भमा समयवद्ध कार्यक्रमले निकृष्ट भनि पहिचान गरेका निकृष्ट प्रकृतिका बालश्रम र त्यसमा संलग्न बालश्रमिकहरूको सङ्ख्या निम्नबमोजिम रहेको अनुमान छ ।

१) घरेलु बालश्रमिक-५५,६५५

२) ऊनी गलैचामा कार्यरत कामदार - ४,२२७

३) खाते बालबालिका -३९६५

४) बाल भरीया -४६०२९

५) खानीमा कार्यरत बालबालिका ११५

६) बेचविखनमा परेका बालबालिका - वार्षिक १२००० अनुमानित

७) वंधुवा बाल मजदुर - १७१५२

विपन्नता, अज्ञानता, भूमिहिनता, बेरोजगारी र अशिक्षाको परिणाम हो, बालश्रम। शहरीकरणको बढ्दो प्रक्रियासँगै सबै श्रम क्षेत्रमा बालबालिकाहरूको संलग्नता निरन्तर बढी रहेको छ। बालश्रम शोषणमूलक र अन्यायपूर्ण श्रमको प्रतिक हो। आर्थिक, सामाजिक र विपन्नताको कारणले गर्दा बालबालिकाहरू शोषणमूलक श्रम बजारहरूमा संलग्न हुन बाध्य भएका छन्।

बालश्रम शोषणको प्रकृतिलाई ३ भागमा बाँडिएको छ।

१) सामाजिकीकरण प्रक्रियाको रूपमा रहेको बालश्रम

२) सुधारात्मक स्थितिमा रहेको बालश्रम

३) जोखिम परिस्थितिमा रहेको बालश्रम (प्रधान, १९९७)

नेपालमा बालश्रम शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा बढी केन्द्रित रहेको पाइन्छ। बालश्रमको विद्यमान स्वरूपलाई हेर्दा निम्न क्षेत्रहरूमा बढी संलग्न रहेको पाइएको छ, ती हुन् :

१) कृषिः गोठाला, खेलाता, जोताहा, घाँस काट्ने, दाउरा बटुल्ने, करेसा बारीमा काम गर्ने।

२) औद्योगिक क्षेत्रः गलैचा कारखाना, उनी धागो कारखाना, गारमेन्ट, फ्याक्ट्री, चुरोट, बिडी कारखाना।

३) खानी : ढुङ्गा खानी, कोइला खानी, ईटा, भट्टा, कारखाना।

४) कृषि फर्महरूः चिया बगान, सूर्ती खेती र ऊखु खेती।

५) पर्यटन व्यवसायः पर्यटन गाइड, थान्का, पेन्टिङ्ग, सामान ढुवानी गर्ने भरिया।

६) सेवा क्षेत्रमाः घरेलु कामदार, जुत्ता पालिस गर्ने, सडक कुचो लगाउने।

७) यातायात क्षेत्रमाः टेम्पो, खलासी, वस खलासी, रिक्सा चालक।

८) व्यापारीक क्षेत्रमा : नाङ्लो पसल, ठेला पसल + सडक पेटिको व्यापार, क्युरीयो सामान विक्रेता संलग्न रहेका पाइन्छन् (कन्सर्न नेपाल , २००७)।

### २.२.४ पूर्वअध्ययनको पुनरावलोकन

शहरीकरणको बढ्दो प्रक्रियासँगसँगै हाम्रो देशको श्रम क्षेत्रमा बालबालिकाहरूको संलग्नता निरन्तर बढीरहेको छ । उद्योग र कलकारखानाहरूमा बालश्रमको प्रयोगको सन्दर्भमा सामान्यतया गलैंचा कारखाना, इँट्टा भट्टा कारखाना, गिटी ढुङ्गा कारखाना, छापाखाना, इत्यादि । सेवा उद्योगको सन्दर्भमा घरेलु नोकरी, रेष्टुराँ, होटल, पसल, सफाई इत्यादिका साथ साथ साथै ऊखु खेती, चिया बगान, सूर्ती खेतीहरूमा यस बाहेक घर तथा सडक निर्माण, सिंचाई ढल निर्माणमा पनि प्रशस्त बालबालिकाहरू श्रममा संलग्न रहेका छन् । त्यस्तै खानी उद्योगहरूको सम्बन्धमा ढुङ्गा खानी, कोइला खानी, खरी ढुंगाखानी, बालुवा खानी इत्यादीमा बालबालिकाहरू कडा परिश्रममा संलग्न रहेका पनि पाइएको छ (प्रधान, १९८८) ।

नेपालको बालअधिकार महासन्धीलाई सन १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरेको थियो । त्यसपछि नेपालमा बालबालिकाको हक, हित र संरक्षण गर्न बालबालिका सम्बन्धी ऐन २०४८ लागु भयो । सरकारी स्तरबाट नै बालबालिका सम्बन्धी र बाल अधिकार सम्बन्धी ऐनहरू बनेका छन् ति ऐनहरू व्यवहारिक रूपमा लागू हुन सकिरहेका छैनन् । जसको फलस्वरूप बालबालिकाहरू बालअधिकारबाट बञ्चित छन् । विभिन्न क्षेत्रमा उनीहरू शोषित र पिडित छन् । नेपालको सन्दर्भमा भन्नुपर्दा एकातिर यि बालबालिकाहरूको गरिबीका कारण शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकताबाट बञ्चित हुनुपरेको छ भने अर्कोतिर देशमा बढिरहेको आन्तरिक द्वन्द, हत्या, हिंसाका कारण आफ्नो बालअधिकारबाट बञ्चित हुनु परेको छ । न्यूनतम आवश्यकता पूरा गर्न यि बालबालिकाहरू सहरमा होस् या गाउँमा कानुनले बर्जित गरिएको उमेरमा पनि बालश्रमिक बन्न बाध्य छन् ।

बालश्रम विश्वव्यापी समस्याको विषय हो । नेपालमा राजनैतिक परिवर्तन भए तापनि बालश्रमको समस्या पूर्ण रूपमा निराकरण हुन सकेको छैन । यसको विडम्बनाको रूपमा शिक्षा, स्वास्थ्य र भविष्यको लागि वृत्ति विकासका अवसर तथा आधारहरू सृजना नहुनु हो । शिक्षा आर्जन गरी असल र सुरक्षित भविष्य निर्माण गर्ने अवस्थामा उनीहरूको बालश्रमिकको रूपमा जीवन निर्वा गर्नुपर्ने बाध्यता विद्यमान रहेको छ । यस्तो अवस्थाबाट कैयौं बालबालिकाहरू शिक्षा दिक्षा र सुनौलो भविष्यबाट कलिलो उमेरमै बञ्चित हुनु परेको

छ । त्यतिमात्र होइन बालश्रमिकको सुरक्षित र स्वास्थ्यवर्द्धक वातावरणमा काम गर्न पाउने वातावरण समेत निर्माण भएको छैन ।

अन्तर्राष्ट्रिय श्रमिक संगठन (१९९७) अनुसार बालअधिकार जन्मसिद्ध अधिकार हो । सबै बालबालिका समाजका अभिन्न अंग हुन् । विश्वका जुनसुकै ठाउँमा बसोबास गरेका बालबालिकाहरूलाई जिविकोपार्जन, विकास, सुरक्षा र सहभागिताको अवसर प्राप्त हुनुपर्दछ । त्यसो भनिए तापनि विश्वका अधिकांश बालबालिकाहरू पछौटेपन, अभाव तथा मौलिक अधिकारको अवसरबाट बञ्चित छन् । अन्य मुलुकमा जस्तै नेपालमा पनि त्यस्तो समस्या विद्यमान रहेको छ । खासगरी रुढीवादी सामाजिक तथा सांस्कृतिक मूल्य र मान्यता, अशिक्षा, आर्थिक पछौटेपन, अज्ञानता जस्ता आधारभूत मानव अधिकारका पक्षसँग नमिल्दा कुराहश्र बालश्रमिकको हकमा पाइन्छन् । यिनै विषय बालश्रमिकका लागि समस्याजन्य पक्ष हुन् । आर्थिक विपन्नताका समस्यामा जेलिनुपरेका परिवारमा खासगरी यस्ता समस्या देखिन्छन् । एसियाली मुलुकहरूको तुलनामा नेपालमा कामकाजमा लागेका यूवकहरूको सङ्ख्या उच्चदरमा रहेको छ । त्यसको पछाडि सामन्ती आर्थिक प्रणाली, ग्रामिण अर्थतन्त्र, अपर्याप्त सामाजिक न्याय व्यवस्था, आर्थिक पछौटेपन जस्ता समस्याहरू जिम्मेवार देखिन्छ । घरेलु कामहरू जस्तैः खानेपानी ओसार्नु, दाउरा बटुल्नु, बस्तुभाउ चराउनु, घरधन्दा सघाउनु आदि कार्यमा अधिकांश बच्चाहरू संलग्न रहन्छन् । यस्तो बाध्यता ग्रामिण समुदायमा बढी देखिन्छ ।

नेपालका अधिकांश जनसङ्ख्या कृषि मूलक कार्यमा संलग्न छन् । यहाँका ८१% मानिसहरू कृषिमा नै निर्भर छन् (जनगणना २०५८) । समय अनुरूप सरकारले कृषि क्षेत्रलाई आधुनिकीकरण गर्न नसकेकोले अहिले पनि कृषकहरू परम्परागत कृषि प्रणालीमा निर्भर छन् । कृषिको लागि चाहिने आवश्यक श्रम आफ्नै घर परिवारबाट पुरा गर्नुपर्ने भएकोले पनि ग्रामिण क्षेत्रमा बालश्रमको प्रचलन बढी देखिन्छ । ग्रामिण कठोर जीवनशैली, गरिबी, अशिक्षा तथा आर्थिक कमजोरीका कारण गाउँका मानिसहरू अवसरको खोजीमा शहर पस्न बाध्य हुन्छन् । आन्तरिक बसाई सराईले पनि शहरी क्षेत्रलाई जनसङ्ख्याको चापले नकारात्मक प्रभाव पारेको छ । आन्तरिक बसाईसराईले ल्याएको सामाजिक समस्या मध्ये बालश्रम पनि नेपालमा जटिल सामाजिक समस्याको रूपमा देखापरेको छ । बालबालिकाहरू विभिन्न क्षेत्रमा बाल श्रमिकको रूपमा कार्यरत छन् । यि बालबालिकाहरू आर्थिक

विपन्नताको कारणले गर्दा नै कलिलै उमेरमा पनि श्रम बजारमा बालश्रमिकको रूपमा संलग्न हुनुपर्ने बाध्यता सृजना भएको छ ।

ज्यालामा काम गर्ने करिब १२ लाख नेपाली केटाकेटीहरू आर्थिक रूपमा सक्रिय छन् । केटाहरू भन्दा केटीहरू बढी आर्थिक रूपमा सक्रिय छन् । ज्यालामा काम गर्ने र विद्यालयमा भर्ना नभएको स्वरोजगारमा केटा केटीको धेरै सङ्ख्या आर्थिक रूपमा सक्रिय छन् । केटाहरूको दर २०.५ प्रतिशत र केटीहरूको दर ३१.२ प्रतिशत छ । ग्रामीण, शहरीया र कमैया समूहका दुवै उमेर समूहमा केटा भन्दा केटीहरू आर्थिक रूपमा बढी सक्रिय रहेका छन् (युनिसेफ, २००९) ।

महिला/केटा केटी तथा सामुदायिक विकास केन्द्रले वि.सं. २०५४ मा "नेपालमा बालश्रम स्थिति विश्लेषण" नामको एक विश्लेषण प्रतिशत प्रकाशित गरेको थियो । जसमा ४००० ग्रामिण, १५०० शहरी परिवार र १००० कमैया परिवारबाट नमूना सङ्कन गरिएको थियो । अध्ययनमा देखियो कि, ग्रामिण क्षेत्रका १० देखि १४ वर्ष उमेरका केटाकेटीको सङ्ख्या ३२२० रहेको छ । केटा ५३.५, केटी ४६.५, त्यस्तै काममा लागेका केटाकेटी २५६७ छन् । जसमा ५१.८ केटा, ४८.२ केटी छन् । ज्यालाका केटाकेटीमा कूल १९२ मा ५५.२ केटा, ४४.८ केटी रहेका छन् । स्वरोजगारका केटा केटीमा कूल २३७५ मा ५१.५ केटा, ४८.५ केटी रहेका छन् । यसरी ग्रामीण क्षेत्रका १०-१४ वर्षका केटाकेटीहरू काममा बढी संलग्न भएको पाइयो भने शहरीया केटा केटीमा पनि १० देखि १४ वर्षका केटाकेटीहरू आर्थिक रूपमा बढी सक्रिय भएको पाइयो । कमैया केटाकेटीमा पनि १० देखि १४ वर्षका केटाकेटी आर्थिक रूपमा दोब्बरको संख्यामा सक्रियता पाइयो (CWIN, 2007)।

ILO/IPECद्वारा "नेपालमा बालश्रमिकको अवस्था" बारे गरिएको एक अध्ययनमा नेपालमा २६,००,००० बालश्रमिकहरूमा १,७०,००० बालबालिका आर्थिक रूपमा सक्रिया रहेका छन् । आर्थिक रूपमा सक्रिय रहेका बालबालिकाहरू मध्ये ९४.७% बालबालिकाहरू कृषि तथा कृषिसँग सम्बन्धित क्षेत्रमा संलग्न छन् । बाँकी अरु बालबालिकाहरू विभिन्न क्षेत्रमा रहेका छन् जस्तैः सेवा क्षेत्रमा (१.५६%) निर्माण तथा यातायातमा (१.५६%), साधारण प्राविधिक क्षेत्रमा (०.८४%), उत्पादन क्षेत्रमा (०.७८%) र विक्रेताको रूपमा (०.४२%) रहेका छन् । अध्ययनमा १,००,००० बालबालिकाहरू स्कुल जाँदैनन् भने ९,२०,०००

बालबालिकाहरू न स्कूल जान्छन् न त श्रम क्षेत्रमा नै प्रवेश गरेका छन्। आर्थिक रूपमा सक्रिय बालबालिकाहरू मध्ये (५५.३९%) बालिकाहरू रहेका छन् (N.P.C. on C.L. 2004)।

बालश्रमको समस्या नेपालमा बढी जटिल बन्दै गएको छ। यसको प्रमुख कारण गरिबी र सशस्त्र द्वन्द्व पनि हुन्। यो समस्या दक्षिण एसियाको लागि नै एक चुनौतीको रूपमा देखापरेको छ। त्यसैले ILO र UNICEF जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले बालअधिकारको संरक्षण हेतु वृहत कार्यहरू गरिरहेका छन्। UNICEF ले खास गरी सुविधा विहिन बालबालिकाहरूको संरक्षणको लागि विशेषतः महत्वपूर्ण कार्यहरू गरि संसारकै बालबालिकाहरूको बाल अधिकार सुरक्षित गर्ने कार्यमा जुटिरहेको छ। नेपालमा पनि CIWIN र CONCERN Nepalजस्ता गैरसरकारी संस्थाहरू पनि बाल अधिकार र बालश्रम प्रति संवेदनशील भै अगाडि आएका छन्।

ILO/IPECसँग मिलेर गरिएको एक सर्वेक्षणले नेपालमा बालश्रमिकको सङ्ख्या २६ लाखको हाराहारीमा पुगेको देखाएको छ। यो सङ्ख्या ६-१४ वर्ष सम्मका बालबालिकाको ६०% र १६ वर्ष मूनिका बालबालिकाको २७% रहेको देखिन्छ। COCERN Nepal(२००७) द्वारा गरिएको एक अध्ययनले ७० भन्दा बढी क्षेत्रमा बालबालिकाहर बालमजदुरको रूपमा काम गरिरहेका छन् भन्ने पुष्टि गर्दछ। यी क्षेत्रहरू जस्तै : साना होटल/रेष्टुरेण्ट, घरेलु नोकर, बाल बेचविखन, कार्पेट उद्योग, प्लाष्टिक बटुल्ने, बाल भरिया र बंधुवा मजदुर आदि जस्ता तल्लो स्तरके काममा समावेश भएको जनाएको छ।

नेपालमा लगभग २६ लाख बालबालिकाहरू विभिन्न क्षेत्रमा बालश्रमिमको रूपमा कार्यरत छन्। त्यसमा पनि आर्थिक रूपमा क्रियाशिल १०-१४ वर्ष उमेर समूहका यि बालबालिकामा १ लाख ८५ हजार कृषिमा, ६२ हजार ९ सय ज्याला मजदुरीमा, १२ हजार ४७९ स्वरोजगारमा, ६४ हजार ४ सय विभिन्न खाले आर्थिक गतविधिहरूमा, १० हजार ८ सय कामको खोजीमा, १ लाख ७२ हजार घरेलुश्रममा छन् त्यस्तै ५००० बालबालिका सिडकम छन्, ४०,००० भन्दा बढी बालबालिकाहरू बँधुवा मजदुरका रूपमा छन् भने १०५ जना बालबालिकाहरू वयस्क सरह बन्दी जीवन बिताउन बाध्य छन् (सिविन, २००७)।

सन् २००१ मा सम्पन्न भएको राष्ट्रिय जनगणनाको प्रतिवेदन अनुसार नेपालमा १४ वर्ष मुनिका बाल जनसङ्ख्या करिब ८४ लाख, १६ वर्ष मूनिका बाल जनसङ्ख्या करिब ९५

लाख र १८ वर्ष मुनिका बाल जनसङ्ख्या करिब १ करोड ४ लाख रहेको छ। बालबालिकाहरूमा खासगरि ६-१० वर्ष समूहका बालबालिकाहरूमा करिब ८० प्रतिशत प्राथमिक विद्यालयमा भर्ना गरिएका हुन्छन्। त्यसमध्ये ४९ प्रतिशत बालबालिकाहरूको प्राथमिक विद्यालयको शिक्षा पूरा गर्न पाएका हुँदैनन्। नेपालमा साक्षरताको राष्ट्रिय स्थिति हेर्ने हो भने ५८.१ प्रतिशत मात्र रहेको छ। सबैभन्दा बढी साक्षर भएको जिल्ला, काठमाडौंमा ७७.२ प्रतिशत, सबभन्दा कम हुम्लामा २७.१ प्रतिशत रहेको र नेपालका ३२ जिल्लाहरूमा साक्षरता स्थिति राष्ट्रिय तथ्याङ्क ५४.१ प्रतिशत भन्दा बेसी रहेको छ भने अन्य ४३ जिल्लाहरूको स्थिति त्यसभन्दा कम रहेको छ (सिविन २००७) अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धी नं. १८२ धारा तीन (घ) मा निकृष्ठ किसिमको बालश्रमलाई यस प्रकार उल्लेख गरिएको छ।

बालश्रमलाई आधुनिक सभ्य समाजमा कलङ्कको रूपमा लिइन्छ। दुर्भाग्यवश अन्तर्राष्ट्रिय समुदायमा र नेपालमाप नि बालश्रम एक सामाजिक समस्याको रूपमा रहेको पाईन्छ। खासगरी विपन्नता र अशिक्षाका कारण तथा कतिपय सन्दर्भमा राजनैतिक कारणले पनि यो समस्या सृजना भएको पाईन्छ। जसले गर्दा बालश्रम जटिल समस्याको रूपमा देखापरेको छ। खासगरी शहरी क्षेत्रमा यस्ता समस्याहरू बढी केन्द्रित रहेको पाईन्छ।सन् १९९६ म ४१.७ प्रतिशत, सन् २००४ मा ३२.० प्रतिशत, सन् २००८ मा ३३.९ प्रतिशत र २०१० को तथ्याङ्ख्या अनुसार ४४.४ प्रतिशत बालश्रमिकहरू नेपालमा कार्यरत रहेको पाइन्छ। त्यसैगरी राष्ट्रिय बालश्रम सर्वेक्षण प्रतिवेदन अनुसार १८ वर्षमुनिका जोखिममा रहेका बालश्रमिकहरूको सङ्ख्या २६ लाख रहेको देखिन्छ।

एक अध्ययनमा लगभग २९ प्रतिशत बालश्रमिकहरू १० वटा उद्योगहरूमा कार्यरत पाइयो, ती हुन चकलेट तथा विस्कुट फ्याक्ट्रीमा (१.०८%) सलाई फ्याक्ट्रिमा (८१%), ढुङ्गा तथा टायल फ्याक्ट्रीमा (४६%), छाला फ्याक्ट्रीमा (२५%) र कार्पेट फ्याक्ट्रीमा (२३%) अन्य ५ वटा फ्याक्ट्रीहरूमा प्लाष्टिक, गारमेन्ट, साबुन, खाद्य तथा पेय वस्तु र सुर्ती कारखानामा (१%) बालश्रमिक संलग्न रहेका छन्। (N.P.C. on C.L. 2004)।

बालश्रम बिपन्नताको आर्थिक पक्ष सवल बनाउने एक महत्वपूर्ण पक्ष हो। सन् २००१ को तथ्याङ्क अनुसार १० देखि १४ वर्षका उमेरका २९ प्रतिशत बालबालिकाहरू आर्थिक

रूपमा सक्रिय रहेका छन् यसमा पनि ६२ प्रतिशत बालबालिकाहरू कृषि र अन्य सम्बन्धित क्षेत्रमा सक्रिय रहेका छन् ।

सिविनले सन् २००७ मा गरेको अध्ययनमा घरेलु बाल श्रमिकको रूपमा बालबालिकाको सङ्ख्या करिब ७६००० रहेको छ । जसमा काठमाडौंमा मात्र करिब २१००० रहेका छन् । घरेलु बाल श्रमिकमा ४५ प्रतिशत बालिका रहेका छन् । यी बाल श्रमिकहरूले दैनिक १० देखि १२ घण्टा काम गर्छन् । यिनीहरू मध्ये केहीले मात्र विद्यालय जान पाएका छन् । यसरी विद्यालय जाने ११ प्रतिशत रहेको छ । घरेलु बाल श्रमिकहरूले मालिकबाट सजायँ, यातना पाएको कुराहरू धेरै देखिन्छ । करिब १४ प्रतिशत बालश्रमिक यौन दुर्व्यवहारबाट पिडित छन् । केबल १६ प्रतिशतले मालिकबाट राम्रो व्यवहार पाएको बताइएको छ ।

नेपालमा ५००० को सङ्ख्यामा सडक बालबालिकाहरू छन् ।यि बालबालिकाहरू देशका विभिन्न भागहरू जस्तैः काठमाडौं, पोखरा, धरान, नारायणघाट, विराटनगरमा छरिएर रहेको देखिन्छ । सडक बालबालिकाहरूको काम प्लाष्टिक बटुल्ने, माग्ने, टेम्पो खलासी, जुत्ता पालिस गर्ने, भारी बोक्ने, चोरी गर्ने आदि पर्दछन् । *ILO* द्वारा प्लाष्टिक बटुल्ने बालबालिका माथि गरिएको सर्वेक्षणमा करिब ४००० बालबालिका यसमा संलग्न भएको देखिइएको छ । जुन निकृष्ट प्रकारको बालश्रम भनिन्छ । ८८ प्रतिशत बालक र १२ प्रतिशत बालिका यस काममा संलग्न रहेका यिनीहरूले दैनिक ६ घण्टा काम गरी ८७ रुपियाँ दैनिक कमाउँछन् । कारणवस यिनहरूले आफ्नो घर छाडे पनि प्रमुख कारण विपन्नता नै मानिन्छ । त्यसैले विभिन्न दुःख कष्ट सहेर पनि यि बालबालिकाहरू आफ्नो जीविका चलाउन सडक बालकका रूपमा कुनै न कुनै श्रम गर्न बाध्य छन् (सिविन, २००७, जनवरी)

नेपालको चिया खेतीको लागि उर्वर भूमिको रूपमा रहेको झापा र इलाम जिल्लामा रहेका सरकारी चिया बगानहरू र झापास्थित २७ वटा निजी चिया बगानहरूमा बाल मजदुरहरू बढी मात्रामा कार्यरत रहेका छन् । चियाको पात टिप्ने समयमा बालश्रमिकहरू बढी मात्रामा प्रयोग भएको पाइन्छ । बालश्रमिकहरूलाई उनीहरूको अवस्था हेरि १० रुपिया देखि २५ रुपिया सम्म ज्याला दिइन्छ । चिया बगानमा कार्यरत बालमजदुरहरू  मध्ये ४७.६१ प्रतिशत बालबालिकाहरू ज्वरो तथा रुघाखोकीका शिकार हुने गरेको कुरा उल्लेख गरिएको छ ।

गरिबी, अज्ञानता, निरक्षताका कारण नेपाली बालबालिकाहरू श्रम क्षेत्रमा प्रवेश गर्न बाध्य छन् । यि बालबालिकाहरू सामान्य घरायसी कार्य (आफ्नो घरको सानातिना काम गर्नें देखि अरुको घरमा काम गर्ने, घरेलु कामदारको रूपमा अन्य काममा साना होटल र रेष्टुरेन्टमा, फोहोर ठाउँको प्लाष्टिक बटुल्ने, जुत्ता पालिस गर्ने, देह व्यापार गर्ने, रिक्सा चलाउने, साइकल मर्मत गर्ने, इट्टा भट्टामा काम गर्ने जस्ता निकृष्ट प्रकारका जोखिमपूर्ण तथा शोषणयुक्त बालश्रमको शिकार हुन बाध्य छन् ।

## २.२.५ काठमाडौंमा बालश्रमिकको स्थिति

काठमाडौंमा बालश्रमिकहरूको सङ्ख्या २८१५ रहेको छ, जसमा बालकको संख्या २४५५ र बालिका ३६० जना रहेका छन् भने १० देखि १४ वर्ष उमेर समूहमा १४१८ जना रहेका छन् । यि बालश्रमिकहरू विभिन्न काममा संलग्न रहेका छन् । ति कामहरू:

१) घरेलु कामदार -११५० जना

२) होटल/ चिया/ठेला/पसल/सब्जी पसल - ४०० जना

३) घरायसी/ आफ्नै घरमा काम गर्ने -१८० जना

४) कारखाना (गलैचा, छाला, पाउरोटी, सिरक आदि) -२०० जना

५) यातायातमा काम गर्ने -२८५ जना

६) सडक बालबालिका (खाते) -२४० जना

७) ग्यारेज/ग्रिल -१२० जना

८) अन्य (हजाम, पत्रपत्रिका बेच्ने, साइकल मर्मत, झोला बेच्ने, साडीको काम गर्ने आदि -४० जना

सङ्ख्यात्मक रूपमा काठमाडौंमा अन्य छिमेकी शहरमा भन्दा केही कम मात्रामा नै बालश्रमिकहरू रहेको पाईन्छ । यहाँ विशेषतः छिमेकी जिल्ला धादिङ्ग, रसुवा, नुवाकोट, काभ्रे लगायत अन्य जिल्लाहरूका ग्रामिण क्षेत्रबाट बालबालिकाहरू आई बालश्रमिकका रूपमा कार्यरत छन् ।

## २.३ नीति तथा ऐन कानून र सरकारका प्रमुख राष्ट्रि तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू

बालबालिकाहरूको संरक्षण र सम्वर्द्धन गर्न सन् १९२३ मा 'बाल बचाउ अन्तर्राष्ट्रिय युनियन' ले बालअधिकार घोषणापत्रलाई अगाडि सार्‍यो । जसलाई 'जेनेभा घोषणा पत्र' पनि भनिन्छ । त्यसमा बालकल्याण र संरक्षण सम्बन्ध ५ बूँदे अवधारणालाई अगाडि सारियो । सन् १९२४ मा राष्ट्रसंघको पाँचौ महासभाले आफ्ना सदस्य राष्ट्रहरूलाई 'जेनेभा घोषणापत्र' लाई अनुमोदन गर्न आह्वान गर्दै यसलाई पारित गर्‍यो । यसबाट नै बाल अधिकारको अवधारणाका शुरुवात भयो । सन् १९५९ नोभेम्बर २० तारिखको दिन संयुक्त राष्ट्र संघले बाल अधिकार सम्बन्धी १० बुँदे अवधारणालाई "बाल अधिकार सम्बन्धी विश्व घोषणापत्र' को रूपमा दियो । सन् १९७९ लाई संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय बालवर्षको रूपमा मनायो ।

यसै सन्दर्भमा सन् १९८९ मा कार्यदलले आफ्नो अन्तिम मस्यौदा पत्र संयुक्त मानवअधिकार आयोगलाई प्रस्तुत गर्‍यो । नोभेम्बर २० तारिखका दिन बाल अधिकार घोषणा पत्रको ३० औं वार्षिकत्सवको सन्दर्भमा महासभाले बाल अधिकार सम्बन्धी महासन्धीलाई पारित गर्‍यो सन् १९९० मा सेप्टेम्बर २ तारेखका दिन महासन्धि लागु भयो । सन् १९९० सेप्टेम्बर १४ मा नेपालले उक्त महासन्धिलाई अनुमोदन गर्‍यो ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २० को उपधारा २ मा नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा नलगाइने प्रावधान रहेको छ । धारा २६ राज्यका नीतिहरूको उपधारा ८ अनुसार राज्यले बालबालिकाको शोषण हुन नदिई उनीहरूको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्नेछ र निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमशः लागु गर्दै जानेछ भनिएको छ । बालबालिकाहरूको संरक्षण र विकासको लागि राज्यको मूल कानूनमा नै व्यवस्था गरिएको पाइन्छ ।

मुलुकी ऐन २०२० ले कसैले कसैलाई नीजको मन्जुर विना कुनै काममा लगाउन वा गराउन नहुने व्यवस्था रहेको छ । त्यसरी नै काम गर्नेले ज्याला मजदुरी नलिने गरी आँफू खुशीले काम गर्न मन्जुर गरेकोमा बाहेक काम गर्नेलाई काम लगाउने वा गराउनेको दुवैको मन्जुरीबाट कुनै खास ज्याला मजदुरी तोकिएकोमा सो तोकिए बमोजिमको र सो बमोजिम

नतोकिएमा सो काम वापत सो ठाउँमा  चलेको दर अनुसारको सुफत ज्याला मजदुरी दिनुपर्ने व्यवस्था गरेको छ ।

विश्व श्रम संगठनको न्यूनतम उमेर सन्धिले रोजगारी दिने न्यूनतम उमेर १५ वर्ष र खतरनाक कामका लागि १८ वर्ष उमेर तोकेको छ ।

बालअधिकारको लागि संयुक्त राष्ट्र संघीय महासन्धिले  बालअधिकारको निक्यौंल गर्दा तिनीहरूको कुनै पनि प्रकारको शोषण र दुर्व्यवहारबाट संरक्षित हुने अधिकारलाई पनि संलग्न गरेको छ ।

नेपालमा बालबालिका सम्बन्धी ऐन, २०४८ ले बालबालिकाहरूलाई खतरनाक पेशामा लगाउन निषेध गरिएको छ र बालबालिकाहरूको शिक्षामा समान अधिकारको माग गरेको छ । बालवेश्यावृत्तिप्रति र मन्दिरमा बालिकालाई चढाईने कार्य पनि निषेध गरिएको छ ।

बालबालिका सम्बन्धी ऐन, २०४८ ले १४ वर्ष पुरा नगरेको बालकलाई श्रमिकको रूपमा काममा लगाउन नहुने व्यवस्था दफा १७ को उपदफा (१) र (२) ले गरेको छ । उपदफा (३) अनुसार श्रमिकको रूपमा काममा लगाउन हुने बालकलाई पनि उनको ईच्छा विरुद्ध काममा लगाउनु हुँदैन । श्रमिकको रूपमा काममा लगाइएको बालकलाई लिङ्ग, धर्म, वर्ण, जात जातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक दिनुपर्दछ ।

उक्त ऐनको दफा ४६ बमोजिम बालकलाई श्रमिकको रूपमा काममा लगाउँदा दिनको ६ घण्टा काम र हप्ताको छत्तिस घण्टा भन्दा बढी काममा लगाउनु हुँदैन । उपदफा (१) बमोजिम काममा लगाएका बालकलाई प्रतिदिन साधारणतया लगातार ३ घण्टा काम गरेपछि आधा घण्टाको विश्राम र प्रत्येक हप्ता एक दिन विदा दिनुपर्छ । यसरी प्रत्येक दिन दिइएको आधा घण्टाको विश्राम तथा हप्ताको एक दिनको विदाको अवधि पनि यस दफाको प्रयोजनको लागि काम गरेको अवधि मानिनेछ ।

आइ.एल.ओ. र युनिसेफको संयुक्त पहलमा संसारमा अति जोखिम परिस्थितिमा कार्यरत विश्वका २५ करोड बाल श्रमिकहरूलाई शोषणबाट मुक्त गरी उनीहरूको अधिकारलाई सुनिश्चित गर्न यस वर्षको मे महिना र अक्टोबर महिनामा र अक्टोबर महिनामा सम्पनन

बालश्रम निर्मुलन सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनहरू 'एम्सटर्डम  सम्मेलन' र 'ओस्लो सम्मेलन' महत्वपूर्ण रहेका छन् । यि अन्तर्राष्ट्रिय सम्मेलनको 'बालश्रम उन्मुलन सम्बन्धी महासन्धी १९८९ को लागि एक सकारात्मक वातावरण निर्माण गरेको छ । यसै परिप्रेक्षमा सन् १९९६ मा पाकिस्तानको रावलपिण्डीमा सम्पन्न सार्क बालबालिका सम्बन्धी सम्मेलन' ले सन् २०१० सम्म दक्षिण एशिया क्षेत्रबाट बालश्रम उन्मूलन गर्ने महत्वपूर्ण घोषणा गरेको छ । यस क्रममा सरकारले बाल अधिकार सम्बन्धी महासन्धी (१९८९) र न्यूनतम उमेर सम्बन्धी (नं. १३८) अनुमोदन गरिसकेको भए तापनि त्यसलाई व्यवहारमा उतार्न सकेको छैन । १५ लाख बालबालिकाहरूलाई श्रम शोषणबाट मुक्त गरी बालअधिकार संरक्षण गर्न राष्ट्रको अगाडि धेरै चुनौतीहरू विद्यमान रहेका छन् ।

श्रम ऐन, २०४८ अनुसार १४ वर्ष उमेर नपुगेकोलाई बाल/बालिका मानिन्छ भने १४ देखि १८ वर्ष बीचको व्यक्ति 'नाबालिग' मानिन्छ ।

श्रम ऐनको दफा ५ (३) ले कुनै पनि उद्योग धन्दा वा कारखानामा बालबालिकालाई काममा लगाउन प्रतिबन्ध लगाएको छ । त्यसैगरी श्रम नियमावलीको नियम ३१ (१) ले १४ देखि १८ वर्ष उमेरका कुनै पनि नाबालिकालाई एक दिनमा ६ घण्टा भन्दा बढी र एक हप्तामा ३६ घण्टाभन्दा बढी काममा लगाउन नपाइने व्यवस्था गरेको छ ।

श्रम ऐनको दफा ३२ ले चोट पटक लाग्न सक्ने र स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउन सक्ने अवस्था भए कुनै पनि श्रमिक तथा कामदारलाई कुनै वजन उचाल्ने, लोडिङ्ग गर्ने तथा त्यसको ओसारपसार गर्ने काममा लगाउन नपाइने व्यवस्था गरेको छ ।

नेपाल सरकारका प्रमुख अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू

- LLO महासन्धी १३८ न्यूनतम उमेर सम्बन्धी महासन्धीको अनुमोदन ।
- LLO महासन्धी १८२ निकृष्ट प्रकृतिको बालश्रम निवारण गर्ने सम्बन्धी महासन्धीको अनुमोदन ।
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी संयुक्त राष्ट्र  संघीय महासन्धी (CEDAW) 1979 को अनुमोदन ।
- संयुक्त राष्ट्र संघीय बालअधिकार सम्बन्धी महासन्धी (CRC) 1989) को अनुमोदन ।

- SAARC- Colombo Resolution on Children (1992)

## २.४ तीन वर्षीय अन्तरिम योजना (वि.सं. २०६४-२०६७)

बालबालिका: बालबालिका हक अधिकारको संरक्षण तथा उनीहरूमा अन्तरनिहित प्रतिभाको विकासका लागि अनुकूल वातावरणको सिर्जना गर्न सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रतिबद्धताहरू व्यक्त गरेको छ। यस्ता प्रतिबद्धताहरू पूरा गर्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न प्रयासहरू हुँदै आइरहेको छ। वास्तवमा बालअधिकारको सम्बन्धमा बाल शिक्षा र स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू पहिलो आवधिक योजना देखि नै संचालन हुँदै आएको हो। तथापि कतिपय संस्थागत प्रयासहरू अपरिहार्य देखिएका छन् विपन्नता, अशिक्षा, पारिवारिक दुर्घटना, १० वर्षसम्मको सशस्त्र द्वन्द्व र बालबालिका विरुद्ध बढिरहेको हिंसा, शोषण तथा दुर्व्यवहारका घटनाहरूले गर्दा बाल अधिकार कुण्ठित हुन पुगेको छ।

२०६८ सालको जनगणनाअनुसार नेपालमा १६ वर्ष मुनिका बालबालिका कूल जनसङ्ख्याको ४०.९३ प्रतिशत रहेका छन्। दशौं योजना अवधिमा मुलुकी ऐनमा संशोधन र यौन तथा श्रम शोषण विरुद्ध कानून निर्माण भएको छ। बालअधिकार महासन्धीका इच्छाधिन अभिलेखह र सार्क महासन्धी अनुमोदन भएका छन्। विद्यालय जाने उमेरका कूल बालबालिका मध्ये ८७.४ प्रतिशत विद्यालयमा भर्ना भएको देखिन्छ। बालश्रम सम्बन्धी गुरुयोजना २०६१ देखि २०७१, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०६५ लागू भएको छ। १० वर्षे राष्ट्रिय कार्ययोजना अनुसार विभिन्न कार्यक्रमहरू सञ्चालन हुन थालेका छन्। बालगृहहरू सञ्चालनका लागि न्यूनतम मापदण्ड निर्धारण भएको छ। शिक्षा, स्वास्थ्य, खेलकूद, मनोञ्जनका क्षेत्रमा सुविधाहरूको वृद्धि भएको छ। जोखिममा रहेका बालबालिकालाई लक्षित गरी कार्यक्रमहरू सञ्चालन भएका छन्। पुनर्स्थापना तथा सामाजिकीकरणमा वृद्धि भएको छ। असक्षम, विपन्न र दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको छ भने अपाङ्गता हुनेहरूका लागि शिक्षा, स्वास्थ्य, तालिम, सीप विकास, सचेतना तथा समुदायमा आधारित पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालित छन्। मनोसामाजिक परामर्श सेवा शुरु गरिएको छ। केन्द्रिय र जिल्ला स्तरमा बाल कल्याण

समितिको सुदृढिकरणका प्रयास भएका छन् । जिल्लाका प्यारालिगल समितिहरू र नेपाल प्रहरीमा महिला तथा बालबालिका सेलको गठन भएको छ । यौन शोषण तथा बेचबिखन विरुद्ध जिल्ला स्तरमा कार्यसमूहहरू गठन भई कार्यरत छन् । समुदायमा आधारित बालकेन्द्रहरू सञ्चालन भइरहेका छन् र बाल सहभागितामा वृद्धि भइरहेको छ (नेपालको संविधान २०७२) ।

सरकारी प्रयत्नहरू प्रशस्तै भएर पनि विभिन्न जात जाति, धर्म, वर्ग, लिङ्ग क्षेत्र सम्प्रदायका बालबालिकाहरूमा समस्या थुप्रै छन् । चुनौतिको रूपमा प्रतिवद्धता अनुसारको काम भएको छैन । कानूनी संस्थागत कार्यक्रम कार्यन्वयन र बाल सहभागिताको व्यवस्था प्रभावकारी बनाई बाल अधिकार सुनिश्चित गर्न चुनौतिपूर्ण रहेको छ । अवसरका सन्दर्भमा चर्चा गर्दा सरकारी दातृ समुदाय र गैर-सरकारी क्षेत्रमा बालबालिकाको लागि सहयोग र स्रोतको परिचालन बढ्दो छ र बालबालिकाको हक, हित र कल्याणका लागि सामाजिक सरोकारमा वृद्धि भएको छ । बालअधिकारका लागि बालबालिकाहरू पनि सशक्तरूपमा योगदान गरिरहेका छन् । यस क्षेत्रमा मानविय एवम् प्राविधिक स्रोतहरूको उपलब्धतामा पनि वृद्धि भइरहेको छ । दीर्घकालिन सोच र उद्देश्यमा बालबालिकाको शारीरिक, संवेगात्मक, मानसिक र बौद्धिक विकास तथा बालअधिकारको संरक्षणका लागि अनुकूल वातावरण प्रवर्द्धन गर्ने प्रयत्न भइरहेका छन् । माथिका उद्देश्यहरू परिपूर्तिका लागि विभिन्न रणनीतिहरू तथा कार्यनीतिहरू तय गरिएका छन् । विशेषत द्वन्द्वबाट प्रभावित बालबालिका र जोखिममा परेका बालबालिका (बालिका, अपाङ्गता, भएका, सिमान्तकृत समुदायका बालबालिक, सडक बालबालिका समेत) का लागि मनोसामाजिक, परामर्श, शिक्षा, सीप लगायत पुनर्स्थापना र पुर्नएकिकरणका लागि एकिकृत एवं लक्षित कार्यक्रमहरू सञ्चालन गरिने छ (नेपालको संविधान २०७२) ।

प्रमुख कार्यक्रमहरूमा, बालकल्याण कार्यक्रम, बालकल्याण समितिबाट सञ्चालित हुने कार्यक्रमहरू, बालबालिका सम्बन्धी सूचना, सूचना प्रणालीको विकास, सीप र रोजगारमूलक तालिम, अपाङ्गता भएका विशेष हेरचाह एवम् संरक्षणका आवश्यकता भए बालबालिकाको संरक्षण, अल्पकालिन सहायता एवं उद्धारका लागि स्थायी बालकोष, बालमन्दिर सुदृढिकरण कार्यक्रमहरू तय गरिएका छन् (नेपालको संविधान २०७२) ।

**अपेक्षित उपलब्धीहरूमा :**

क) बालबालिकाको आधारभूत अधिकारको प्रवर्द्धन र उनीहरूको विकास तथा संरक्षणका लागि अनुकूल बालमैत्री वातावरण सृजना हुनेछ ।

ख) बालबालिका विरुद्धका सबै प्रकारका शोषण, दुर्व्यवहार, जोखिम र भेदभावको अन्त्य र बालबालिकाको जीवनस्तरमा सुधार हुनेछ ।

ग) सरकारी, गैरसरकारी क्षेत्रका प्रयासहरूमा सघनता, समन्वय, परस्पर आवद्धता र प्रभावकारीता आउनेछ ।

घ) बाल सञ्जालहरूको विकास, बाल सहभागिताको प्रवर्द्धन र बालबालिका सम्बद्ध निकायहरूको र मानव संसाधनको क्षमता वृद्धि हुने छ। यसका लागि विभिन्न कार्यक्रमहरू अनुसार बजेटको व्यवस्था समेत गरिएको छ। समग्र कार्यक्रमहरूलाई सफल पार्न विभिन्न स्तरबाट कार्यान्वयन अनुगमन तथा मूल्याङ्कनको समेत व्यवस्था गरिएको छ। यिनै वाञ्छित लक्ष्यहरू हाँसिल भएमा सुनिश्चित र सुधारोन्मूख भविष्यको परिकल्पना गर्न सकिनेमा आशावादी बन्न सकिन्छ (त्रिवर्षिय योजना, २०६४-०६७)

## २.५ बालश्रम सम्बन्धी पूर्व अध्ययन

नेपाल एक कृषि प्रधान देश हो । कृषि पनि मनसुनमा निर्भर रहने हुनाले कृषि प्रधान मुलुक भैकन पनि किसानहरू बिपन्न छन् । बालबालिकाहरू बाल श्रमिक बन्नुका विपन्नता नै एक प्रमुख कारण हो । आफ्नो परिवार चलाउन आर्थिक सहयोगको रूपमा बालबालिकाहरूले मजदुरी गर्दछन् । लगभग २०-२५% सम्म बालबालिकाले घरमा आर्थिक रूपले सहयोग प्रदान गरेका हुन्छन् (ILO, 2008)।

प्रायजसो बालश्रमिकहरूले आफ्नो इच्छा बमोजिम काम गर्ने स्वतन्त्रता पाएका हुँदैनन् । उनीहरूले आफ्नो भविष्यको लक्ष्य र अहिलेको फाइदा र बेफाइदा पनि छुट्याउने अवसर पाएका हुन्न् । केहीभाग्यशाली समुदायले मात्र राम्रो ज्याला पाउने र आर्थिक रूपमा सवल

हुने अवसर पाएका हुन्छन् । यसको लागि पनि उनीहरूलाई अरु विभिन्न तत्वले पनि मद्दत गरेको हुन्छ । केही समुदायका बालश्रमिकले आफ्नो श्रम अनुसार पारिश्रमिक पनि पाएका हुँदैनन् । तिनीहरूको अवस्थालाई तीन प्रकारका तत्वहरूले प्रभाव पारेको हुन्छ । ति विपन्नता शिक्षा तथा सांस्कृतिक बन्देज (युनिसेफ, २००९) ।

वातावरण रोजगार दिलाउने मुख्य माध्यम हो । दुर्गम क्षेत्रका बालबालिकाको लागि बालश्रम एक परिचित कार्य क्षेत्र भित्र पर्दछ । मौसमी रोजगारी भौगोलिक बाध्यकारी हुन्छ । यसबाट के प्रष्ट हुन्छ कि यि बालबालिकाहरू शिक्षा तथा अरु सुविधाबाट बञ्चित रहन्छन् (Huray, 1997) .

युनिसेफ (२००९) ले गरेको एक सर्वेक्षणमा भनिएको छ, बालश्रम, देशभित्रको आर्थिक कमजोरी, प्राकृतिक प्रकोप, रोग, देश भित्रको द्वन्द र युद्ध नै प्रमुख सामाजिक समस्याको रूपमा तेस्रो विश्वमा विद्यमान छन् । श्रम बजारमा बढी भन्दा बढी बाल श्रमिकहरूलाई परिवार धान्ने मुलआधारको रूपमा समावेश गरिएको छ । जनसङ्ख्याको आकार अनुसार पनि विश्वभरि नै बालश्रमिकहरू ठूलो सङ्ख्यामा रहेको पाइन्छ ।

विभिन्न NGOs/INGOsहरूले बाल संरक्षण र बाल अधिकार सम्बन्धी विभिन्न कार्यक्रमहरू संचालन गर्दै आएका छन् । CWIN, ILO, UNICEF ले बाल श्रम र समस्या बारेमा विस्तृत कार्यहरू गरिरहेका छन् । CWIN का का अध्यक्ष श्री गौरी प्रधान (१९९५) ले आफ्नो प्रतिवेदनमा नेपालमा बाल मजदुरको समस्यालाई प्रकाश पार्नु भएको छ । विकासोन्मुख देशका समाजमा बालश्रम एक चुनौतीपूर्ण समस्याको रूपमा देखा परेको छ । यो विकाराल समस्याबाट नेपाली समाज पनि अछुतो रहन सकेन । नेपालमा बाल श्रमका नियम र नीतिहरू खाली कागज र भनाईमा मात्र सिमित छन्, भनी उहाँले आरोप समेत लगाउनु भएको छ । CWINका अध्यक्षश्री गौरी प्रधानले विशेषत कार्पेट उद्योगका बालमजदुरको समस्या बारे प्रकाश पार्नु भएको छ । उहाँले कार्पेट उद्योगमा बालमजदुरको समस्या बारे प्रकाश पार्नुभएको छ । उहाँले कार्पेट उद्योगमा बाल मजदुरको श्रम शोषण बढी भएको बताउनु भएको छ । त्यहाँका बाल मजदुरहरूमजदुरका रूपम दर्ता नभएका र जागिर सुरक्षित नभएको बताउनु भएको छ । ती मजदुरको लागि स्वास्थ्य र शिक्षा जस्ता आधारभूत कुराको पनि सुविधा नभएको, लामो समय सम्म काम गर्नुपर्ने र छुट्टिको समेत व्यवस्था नभएको बताउनु भएको छ ।

गौरी प्रधान  र विजय सैजू (१९९५) ले काठमाडौंका बालश्रमिकबारेमा गर्नुभएको अध्ययनमा विभिन्न क्षेत्रमा कार्यरत कार्यरत बाल श्रमिकको अवस्थाबारे प्रकाश पार्नु भएको छ। बालश्रमिकहरूक प्लाष्टिक बटुल्ने, होटेलमा काम गर्ने, सडक बालबालिका, जुत्ता पालिश गर्ने, आदिकार्यमा संलग्न रहेको पाइन्छ। नेपालका बाल श्रमिकहरू सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक तवरमा बढी शोषित भएको बताइएको छ। उनीहरू आधारभूत आवश्यकता, गाँस, बास, कपास तथा शिक्षा, स्वास्थ्य र सुरक्षा समेतबाट बञ्चित हुन पुगेका छन्। अध्ययनबाट 'गोठालो' को रूपमा मालिकको घरमा बस्ने, शहरी क्षेत्रका होटेल रेस्टुरेन्टमा 'कान्छा' बनी काम गरिरहेका बालश्रमिकको अवस्था झन दयनीय तथा शोषित भएको बताइएको छ।

INSEC (1996) मा नेपालका पाँच जिल्लाहरूमा गरिएको अध्ययनमा ब्राह्मण क्षेत्री तथा तामाङ्ग जातिका बाल श्रमिकहरू बढी बसाई सराईबाट आएको बताएको छ। झण्डै ९७% बालश्रमिकका परिवारहरू कृषि र खेतीपातीमा निर्भर छन्। INSECले औपचारिक रूपमा बसाई सरेका बालश्रमिकहरू जसको उमेर १४ वर्षभन्दा मुनिका छन् जो होटेल, रेस्टुरेन्ट, साना चिया पसल र घरेलु नोकरीको रूपमा काठमाडौं र पाटन शहरमा कार्यरत छन्। ति बालश्रमिकहरू आफ्नो परिवारबाट छुट्टिएर यि शहरहरूमा नेपालका गाउँबेसीबाट बसाई सराई भई आएका थिए।

केही वर्ष अगाडि देखि बालश्रममा विभिन्न अध्ययनहरू भएका छन्। बालश्रमसँग सम्बन्धी केही सम्बन्धित अध्ययनको सन्दभ सामग्रीी पुनरावलोकन यस प्रकार गरिएको छ।

काठमाडौंमा बसाई सरेका माथि उल्लेखित बाल मजदुरहरूबारेको अध्ययनमा ५ देखि १७ वर्ष सम्मका विभिन्न ठाउँबाट काठमाडौं बसाई सरेका ३०३ बालश्रमिक, जो विभिन्न श्रम क्षेत्रमा कार्यरत थिए, तिनीहरूलाई समेटिएको थियो। उक्त अध्ययनमा बालश्रमिकले सानो उमेरमा आफ्नो घरछोडी शहरपस्नुको मुख्य कारण हातमुख जोड्न कठिन हुनु, प्रशस्त जग्गा नहुनु, रोजगारीको अभाव, घरमा झै झगडा तथा मारपिट हुनु, गाउँको जीवन मन नपर्नु आदि कारण उल्लेख गरिइएको छ (गुरुङ्ग, २००८)।

Omar Sattourबाट सन् (२००७) मा गरिएको अध्ययनले महत्वपूर्ण योगदान पुऱ्याएको मानिन्छ। उहाँले नेपालमा बालश्रम एक समस्याको रूपमा रहेको कुरालाई विभिन्न अध्ययनद्वारा पुष्टि भएको छ। बालश्रमिकहरू संलग्न दश क्षेत्रमा कृषि उत्पादन क्षेत्र, साना

घरेलु नर्सरी, घरेलु नोकर, विक्रेता, पर्यटन, भान्छे र वेश्यावृत्तिआदि क्षेत्रमा संलग्न रहेको अध्ययनमा उल्लेख गरिएको छ। शहरी कलकारखानामा कार्यरत बालबालिका, तथा सडक बालबालिकाहरूलाई आफ्नो अध्ययनमा समावेश गरी बालश्रमबारे प्रकाश पारिएको छ। ओमरले सरकार, विभिन्न गैरसरकारी संघसंस्थाहरू तथा अन्तर्राष्ट्रिय संस्थालाई समेत बालअधिकार र बालविकासलाई सुरक्षित गर्न, कार्य प्रणाली तर्जुमा गर्न आह्वान गर्नु भएको छ। यूनिसेफले प्रस्तुत गरेको बालश्रम र शिक्षा सम्बन्धी तुलनात्मक अध्ययनलाई यसरी प्रस्तुत गरिएको छ।

क) बालश्रममा लाग्ने बालबालिकाहरू शिक्षा आर्जन गर्न स्कुल जान प्राय असम्भव देखिन्छ।

ख) बालश्रममा लागेका बालबालिकाहरू कक्षामा प्रभावकारी तबरले पढ्न नसक्ने अवस्था सृजना हुन्छ। किनकी उनीहरू श्रमले थकित हुन्छन् र मनस्थिति सकारात्मक देखिदैन।

ग) कतिपय पेशा मौसमी किसिमको हुन्छ जस्तै, कृषि पेशा। त्यस्तो अवस्थामा नियमित रूपमा बालबालिकाहरू विद्यालय जान असमर्थ हुन्छन्।


घ) कतिपय सामाजिक वातावरणमा शिक्षाको महत्वलाई कम आंकलन गरिएको हुन्छ। सडक बालबालिकाहरूले अभद्र व्यवहार पनि सिकेका हुन्छन्।

ङ) कतिपय कार्य अवस्थामा बालबालिकाहरूलाई दुर्व्यवहार गरिएको हुनछ। जसबाट उनीहरूको मानसिकतामा यातनाग्रस्त अवस्था सृजना हुन्छ। जसले गर्दा स्कूलको काम र शिक्षकले दिएको काम सम्पन्न गर्न सक्दैनन् (युनिसेफ १९९७)।

## २.६ अवधारणात्मक खाँका

विपन्नता, ग्रामिण कमजोर आर्थिक परिवेश, अशिक्षाको कारण कतिपय अभिभावकहरूले आफ्ना छोराछोरीहरूलाई आधारभूत आवश्यकताको परिपूर्ति तथा शिक्षा दिक्षा दिन नसक्ने अवस्था सृजना हुन सक्छ। यस्तो अवस्थामा छोराछोरीलाई बालश्रमिकको रूपमा पठाई सानोतिनो आय आर्जनको कार्यमा लगाउनुपर्ने बाध्यात्मक परिस्थिति आइपर्न सक्छ। यो एउटा पक्ष भयो भने अर्को पक्ष घरायसी परिस्थिति र अन्य कारण पनि बालबालिकाको लागि प्रतिकूल हुनसक्छ। यस अवस्थामा उनीहरू बालश्रमिक बन्न बाध्य हुन्छन्। यसका सम्बद्ध पक्षहरूको अन्तरसम्बन्ध यस अवधारणात्मक खाकामा प्रस्तुत गरिएको छ।

## अवधारणात्मक खाका




चित्र १: अध्ययनको अवधारणात्मक खाका

खाका चित्रमा प्रस्तुत गरिएअनुसारका सामाजिक तथा साँस्कृतिक पक्षहरूले बालकको अवस्थामा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। यसैको आधारमा उनीहरूको शिक्षाको अवसर, काममा सहभागिता तथा सामाजिक वातावरणमा प्रत्यक्ष र परोक्ष असर परेको देखिन्छ।

यसैगरी परम्परा, धर्म, सम्प्रदाय आदि पक्षले पनि बालश्रम र रोजगारीमा असर पारेको हुन्छ। विशेषगरी नेपाल तथा अन्य कमजोर आर्थिक अवस्था भएका मुलुकहरूको स्तर उस्तै खालको पाइन्छ। बालबालिकाहरूको आफ्नै निर्णय र चाहना नभई कतिपय अवस्थामा बाबुआमाको इच्छा  घरायासी परिस्थिति अनुसार चल्नुपर्ने बाध्यात्मक अवस्था पनि सृजना हुन सक्छ। यस अवस्थामा बालश्रमिक बन्नुपर्ने अवस्था सृजना हुन्छ। यस्तो अवस्था सहरी क्षेत्रमा धेरै पाइन्छ।

आर्थिक सूचक पनि बालश्रमको मुख्य फरक पक्ष हो। खासगरी बालश्रमिकहरू कमजोर आर्थिक अवस्था भएका र ग्रामीण परिवेशले सृजना गरेको बाध्यताको असरले पनि यसमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। यसैगरी शिक्षा, स्वास्थ्य जस्ता पक्षहरूले पनि बालकहरूको अवस्थामा प्रभाव पारेका हुन्छन्। त्यसैगरी बालकको मानसिकता, फुर्सद नपाउने अवस्था तथा काम गर्ने स्थानको वातावरणले पनि जोखिमपूर्ण अवस्था सृजना हुन सक्छ। यिनै सूचकहरूको सरोफेरोमा बालश्रमिकको अवस्थाबारे अध्ययन गरिएको थियो।

## अध्याय तीन

# अनुसन्धान पद्धति

यस अध्याय अन्तर्गत अध्ययन क्षेत्रका बालश्रमिकहरूको उद्देश्यगत अध्ययनको लागि आवश्यक पर्ने अनुसन्धान विधिहरूको बारेमा व्याख्या गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

अध्ययन क्षेत्रको रूपमा काठमाडौं महानगरपालिका वडा नं. ३ अन्तरगत पर्ने महाराजगञ्ज चक्रपथ वरिपरिको क्षेत्रलाई छनौट गरिएको छ । काठमाण्डौ एउटा यस्तो ठाउँ हो जहाँ हरेक क्षेत्रबाट मानिसहरू बसाईसराई गरेर आउँदछन् । देशका विभिन्न ठाउमा भएका सामाजिक, सांस्कृतिक, आर्थिक आदि अवस्थाहरूले गर्दा बालबालिकाहरू राजधानी काठमाण्डौमा अवसरको खोजीको लागि आउने भएको हुँदा अध्ययन क्षेत्र यो राखिएको हो । यस क्षेत्र साना होटल/रेष्टुरेण्ट भएको उपयुक्त ठाउँ हो । काठमाडौंमा बसोबास गर्ने स्थानिय बालबालिकाहरू मध्ये साना होटलमा मजदुरी पेशामा ज्यादै न्यून संलग्न रहेको भए तापनि बाह्य क्षेत्रबाट यस क्षेत्रमा आई साना होटल/ रेष्टरेण्टमा काममा संलग्न संख्यालाई हेर्दा अत्यधिक रहेको छ । काठमाडौं महानगरपालिका २०७४ को रिर्पोटअनुसार महाराजगञ्जमा रहेका साना होटल/रेष्टुरेन्टमा बालबालिकाहरू मजदुरका रूपमा कार्यरत रहेका हुनाले यो क्षेत्रलाई अध्ययन क्षेत्रमा रूपमा चलन गरिएको छ । श्रम बजारमा बालश्रम संवेदनशील विषयको रूपमा लिइन्छ ।

## ३.२ अनुसन्धान प्रारूप

यो शोध अध्ययनको वर्णनात्मक तथा खोजमुलक अनुसन्धान विधि अपनाइएको थियो । किनकी साना होटल/ रेष्टरेन्टमा बालश्रमिकहरूको वास्तविक सामाजिक तथा आर्थिक स्थितिका खोजमुलक अध्ययन गरी वर्णन गरिएको हुनाले यो शोध कार्यले दुवैखाले

अनुसन्धानात्मक ढाँचा समेटेको छ। यसको माध्यमबाट बालश्रमिकहरूको सामाजिक, आर्थिक तथा अन्य अवस्थाको जानकारी हासिल गर्न सम्भव भएको थियो ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत विधि

यो शोध अध्ययनमा प्राथमिक तथा द्वितीय दुवै थरी तथ्याङ्कहरू संकलन गरिएको थियो । प्राथमिक तथ्याङ्क सम्बन्धित क्षेत्रमा गई लिइएको अन्तर्वार्ता सूची, अवलोकन र वैयक्तिक अध्ययन विधिद्वारा संकलन गरिएका थिए भने द्वितीय स्तरको तथ्याङ्कको रूपमा CWIN, ILO, UNICEF, CONCERN Nepal,काठमाडौं महानगरपालिका, बाल सम्पर्क केन्द्र काठमाडौं, श्रम मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, विभिन्न ठाउँका पुस्तकालय र विभिन्न समयमा प्रकाशित लेख, रचना र रिपोर्टबाट प्राप्त गरिएको थियो ।

### ३.३.१ प्राथमिक तथ्याङ्क

प्राथमिक तहका तथ्याङ्क यस अध्ययनको प्रमुख अंगका रूपमा रहेका छन्। जसमा शोधकर्ताद्वारा अध्ययन क्षेत्रबाट तथ्यपूर्ण तथ्याङ्क संकलन गरिएको थियो । यस्ता तथ्याङ्क संकलन गर्न अन्तर्वार्ता सूचि, अवलोकन र वैयक्तिक अध्ययन विधि अपनाइएको थियो ।

### ३.३.२ द्वितीय तथ्याङ्क

यस तथ्याङ्कमा बालश्रमसँग सम्बन्धित पुस्तकहरू, अध्ययन प्रतिवेदन, पत्रपत्रिकाहर, लेखहरूबाट प्राप्त तथ्याङ्क र सूचनाहरू प्रयोग गरिएको थियो। जसको मद्दतले अध्ययनलाई पूर्णता दिन सहयोग मिलेको छ ।

## ३.४ समग्र र नमुना

यस शोधकार्यको लागि उद्देश्यमूलक नमूना छनौट विधि अपनाइएको छ। अध्ययन क्षेत्र महाराजगञ्ज, क्षेत्रका साना होटल/रेष्टुरेन्टमा काम गर्ने कूल ६० जना बालश्रमिकहरू यस अध्ययनमा सेमटिएको छ। उद्देश्य प्राप्तिका लागि कुल बालबालिकाहरूबाट ३६ जना बालकहरू र २४ जना बालिकाहरू गरी ६० जना बालश्रमिकहरूलाई नमुनाको रूपमा छनौट गरी अध्ययन गरिएको थियो। नमूना छनौटमा लिइएका बालश्रमिकहरूको उद्देश्य

दश वर्ष देखि चौध वर्ष रहेको छ। यसमा काठमाडौं महानगरपालिकाको अध्ययन प्रतिवेदनलाई आधार मानिएको थियो ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

यस शोध अध्ययनका लागि गुणात्मक र संख्यात्मक तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरिएको थिए। यस्ता गुणात्मक र सङ्ख्यात्मक तथ्याङ्कहरू सङ्कलन गर्न निम्न शोध विधिहरू प्रयोग गरिएको थियो ।

### ३.५.१ अन्तर्वार्ता सूचि

यो एक प्रश्नावली सूचि हो, जुन प्रश्नावलीमा शोधकर्ता आफै सम्बन्धित अध्ययन क्षेत्रमा गई सम्बन्धित काठमाण्डौ महानगरपालिका वडा नं. ३ का साना होटल तथा रेस्टुरेन्टमा गई सम्बन्धित उत्तरदाताहरूलाई अन्तरवार्ता लिई तथ्याङ्क सङ्कलन गरिएको थियो। यसबाट उत्तरदाताको नाम, थर, उमेर लिङ्ग, धर्म, परिवार, परिवारको पेशा, जग्गा जमिन, पशुधन, बसाई सर्नुको कारण भविष्यको लक्ष्य, शैक्षिक अवस्था, स्वास्थ्य समस्या, आदि बारे बालबालिका र उनीहरूका अभिभावकलाई सोधी जानकारी संकलन गरिएको थियो। कतिपय बालश्रमिकहरू बाबा आमासँगै अस्थायी रूपमा बसाई सरी आएको हुनाले उनीहरूका बाआमालाई प्रत्यक्ष रूपमा भेट भई बालश्रमिकहरूको बारेमा जानकारी सङ्कलन गरिएको छ।

### ३.५.२ अवलोकन

यस विधि अन्तर्गत अध्ययन क्षेत्रमा गई बालश्रमिकहरूको शारीरिक अवस्था, मानसिक अवस्था तथा उनीहरूको काम गर्ने ठाउँको अवलोकन गरिएको थियो। यसको लागि विभिन्न समयमा अध्ययन क्षेत्रमा गई अवलोकन गरिएको थियो ।

### ३.५.३ वैयक्तिक अध्ययन विधि

यस विधि अन्तर्गत अध्ययन क्षेत्रका ३ जना बालबालिकाहरूको वैयक्तिक अध्ययन गरिएको थियो ।

### ३.५.४ जानकार व्यक्तिसँगको अन्तर्वार्ता

प्रश्नसूचिमा कतिपय प्रश्नहरूको उत्तर बालबालिकाहरूले दिन नसकेको हुनाले त्यस्ता प्रश्नको उत्तर उनीहरूका बा, आमा, नातेदार वा सम्बन्धित व्यक्तिसँग लिई अध्ययन गर्दा अध्ययन प्रभावकारी एवं गुणात्मक हुन पुगेको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुति

यस अध्ययनको लागि विभिन्न विधिहरू प्रयोग गरी प्राप्त एवम् सङ्कलित आँकडाहरूलाई भिन्न अध्ययन शिर्षक र उपशिर्षक अन्तर्गत राखी व्याख्या र विश्लेषण गरिएको छ । जम्मा बालबालिकाहरूको परिवार, जातिय संरचना, उमेर, लिङ्ग, पेशा, आम्दानी, बसाई सर्नुको कारण, शैक्षिक स्थिति, स्वास्थ्य, बालश्रमिकले भोगेका समस्या भविष्यको लक्ष्य बारेमा स्पष्ट तालिका प्रतिशतको आधारमा विश्लेषण एवम् वर्गीकरण गरि शोधको उद्देश्य अनुरूप तालिका, वृत्तचित्र, स्तम्भचित्रको माध्यमबाट तथ्याङ्कको प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययनको सिमा

यस अध्ययनका केही सीमा तथा बाध्यता हुनसक्छ । अध्ययनमा महाराजगञ्ज क्षेत्रका सबै साना होटल/रेष्टुरेण्टमा कार्यरत बालश्रमिकलाई समेटिएको छैन् । महाराजगञ्ज, का.म.न.पा. ३ अन्तर्गत बसुन्धरा क्षेत्र समेटिएको छ । जस्तै :- (चत्रपथ चोकबाट चप्पल कारकाखना त्रि.वि. शिक्षण अस्पताल) उनीहरूको उमेर १०-१४ वर्षसम्म रहेको थियो । समयको निश्चित सिमा भएको कारणले समग्र रूपमा समस्याको पहिचान गर्ने प्रयत्न गरिएको थियो । यो अध्ययनको निचोड अन्यत्र गरिएका यस्तै अध्ययनसँग नमिल्न पनि सक्तछ ।

# अध्याय चार

# अध्ययन क्षेत्रका बालबालिकाहरूको सामाजिक तथा आर्थिक अवस्था

## ४.१ बालश्रमिकहरूको सामाजिक अवस्था

मानिस गुण र चरित्रले सामाजिक प्राणी हो । समाज विना उसको अस्तित्व रहन सक्दैन त्यसैले कुनै पनि व्यक्तिको व्यक्तित्व विकासमा उसको सामाजिक पृष्ठभूमिले गहन भूमिका खेलेको हुन्छ । बालबालिकाहरू पनि आफू रहे बसेको वातावरणसँगसँगै हुर्किने र बढ्ने हुनाले उनीहरूलाई स्वस्थ सामाजिक वातावरणमा हुर्किने अवसरबाट बञ्चित गर्न मिल्दैन । यस शोध कार्यमा बालश्रमिकहरूको सामाजिक अवस्थाको चित्रण महत्वपूर्ण पक्ष हो । त्यसैले ती बालश्रमिकहरूको सामाजिक पृष्ठभूमि कस्तो छ भनि थाहा पाउन प्राप्त तथ्याङ्कहरूलाई विभिन्न शिर्षकहरू जस्तै : बालश्रमिकको जन्मस्थल (जिल्ला), उमेर, लिङ्क, जात/जाती, धर्म, बालश्रमिकले मनाउने चाडपर्व, परिवारसङ्ख्या, शैक्षिक स्थिति, बसाई सराई, पारिवारिक पृष्ठभूमि, भविष्यको लक्ष्य आदिमा विभाजन गरि गर्ने प्रयत्न प्रस्तुत गरिएको छ ।

### ४.१.१ जिल्लाका आधारमा बालश्रमिकहरूको वर्गीकरण

कुल ६० जना बालबालिकाहरूमा ५२ जना जिल्ला बाहिरबाट काठमाडौंमा आएर बालश्रमिकको रूपमा कार्यरत छन् ।यसलाई तलको तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१: जिल्लाका आधारमा बालश्रमिकहरूको वर्गीकरण**

| जिल्ला | जम्मा केटाको सङ्ख्या | जम्मा केटीको संख्या | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| गुल्मी | १० | ६ | १६ | २६.६६ |
| सिन्धुली, धादिङ्ग | २ | १० | १२ | १३.३३ |
| रसुवा, नुवाकोट | ४ | ४ | ८ | १३.३३ |
| स्थानीय | ६ | २ | ८ | १३.३३ |
| काभ्रे | ७ | १ | ८ | २०.२ |
| चितवन | ७ | १ | ८ | १३.३३ |
| जम्मा | ३६ | २४ | ६० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

कुल बालश्रमिकहरू मध्ये अधिकांश बालश्रमिकहरू काठमाडौंमा छिमेकी जिल्लाहरूबाट आएका थिए भने केही मात्र स्थानीय रहेका थिए। काठमाडौं बाहिरबाट ५२ जना बालश्रमिक महाराजगञ्ज आएको पाइयो। कुल बाल श्रमिकहरूको १३.३३ प्रतिशत बालश्रमिक स्थानीय रहेका थिए भने गुल्मीबाट २६.६६ प्रतिशत, काभ्रेबाट १३.३३, नुवाकोटबाट १३.३३, सिन्धुली र धादिङ्गबाट २०.०२ र चितवनबाट १३.३३ प्रतिशत बालबालिकाहरू महाराजगञ्जमा बालश्रमिकको रूपमा कार्यरत थिए। विभिन्न जिल्लाका यि बालबालिकाहरू विपन्नताको कारणले नै आफ्नो गाउँ छोडी परिवारसँग यहाँ पाउनु परेको तथ्य फेला परेको थियो।

### ४.१.२ बालश्रमिकको उमेर र लैङ्गिक विवरण

शोध अध्ययनको लागि कुल ६० जना बालश्रमिकहरूको उमेर पाँच समूहमा र दुई समूहमा लैङ्गिक विभाजन गरी अध्ययन गरिएको थियो।

**तालिका ४.२: बालबालिकाहरूको उमेरगत तथा लैङ्गिक विवरण**

| उमेर | बालक सङ्ख्या | बालक प्रतिशत | बालिका संख्या | बालिका प्रतिशत | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| १० | ६ | ९.९९ | ४ | ६.६६ | १० | १६.६५ |
| ११ | ४ | ६.६६ | ८ | १३.३३ | १२ | १९.९९ |
| १२ | १४ | २३.३३ | ४ | ६.६६ | १८ | २९.९९ |
| १३ | १० | १६.६६ | ४ | ६.६६ | १४ | २३.३२ |
| १४ | २ | ३.३३ | ४ | ६.६६ | ६ | ९.९९ |
| **जम्मा** | ३६ | ५९.९७ | २४ | ३९.९७ | ६० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

नमूना छनौटमा ६० जना बालश्रमिकहरूको उमेरलाई ५ भागमा विभाजन गरी दुई लैङ्गिक समूहमा वर्गीकरण गरिएका थिए। जम्मा ६० जना मध्ये बालक ३६ जना र बालिका २४ जना रहेका छन्। सबैभन्दा बढी १२ वर्ष उमेर समूहका बालक २३.३३ प्रतिशत र बालिका ४ जना ६.६६ प्रतिशत पाइयो। २८ जना उमेर समूहका सबै भन्दा ३.३३ प्रतिशत (२ जना) बालक र ६.६६% (४ जना) बालिका रहेका थिए। त्यस्तै १० वर्ष उमेरका बालक ९.९९% (

६ जना) बालिका ६.६६% (४ जना) रहेका थिए। ११ वर्ष उमेर समूहका बालक ६.६६ प्रतिशत (४ जना) र बालिका १३.३३ प्रतिशत (८ जना) रहेका थिए। १३ वर्ष उमेर समूहका बालका १६.६६ प्रतिशत (१० जना) र बालिका ६.६६ प्रतिशत (४ जना) रहेको पाइयो। यस अध्ययनमा सबभन्दा कम १४ जना उमेरका बालश्रमिक ९० प्रतिशत रहेको पाइयो। यस भेगमा १४ वर्षका बालबालिकाहरू अन्य काममा लाग्ने गरेको देखियो। तर ११, १२ र १३ वर्ष उमेरका बालबालिकाहरूलाई अरु काम पाउन प्राय कठिन हुने भएकोले यी उमेर समूहका बालबालिकहरू साना होटल/रेष्टुरेन्टमा मजदुरी काममा लागेको पाइयो।

### ४.१.३ बालश्रमिकहरूको जातीय विवरण

कुल ६० जना बालश्रमिकहरूको जातिय वितरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४.३: जातीय वितरण**

| जात/जातीको सङ्ख्या | केटोको संख्या | केटीको सङ्ख्या | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| परियार (दमाई) | १२ | १० | २२ | ३६.६८ |
| मगर | ५ | ३ | ८ | १३.३३ |
| बि.क. (कामी) | ४ | ४ | ८ | १३.३३ |
| ब्राह्मण | ४ | २ | ६ | १०.३३ |
| सार्की | ३ | १ | ४ | ६.६४ |
| क्षेत्री | ३ | १ | ४ | ६.६७ |
| नेवार | २ | - | २ | ३.३३ |
| खत्री | १ | १ | २ | ३.३३ |
| गुरुङ्ग | १ | १ | २ | ३.३३ |
| राई | १ | १ | २ | ३.३३ |
| जम्मा | ३६ | २४ | ६० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

कुल ६० जना बालश्रमिकहरूविभिन्न जात/जातीका रहेका थिए । जसमा क्षेत्री, नेवार, मगर, ब्राह्मण, खत्री, परियार, विक, सार्की, गुरुङ्ग र राई रहेका थिए । तालिकाबाट यसलाई स्पष्ट पारिएको छ ।


यस अध्ययन क्षेत्रमा क्षेत्री ६.६७ प्रतिशत, नेवार ३.३३ प्रतिशत, खत्री ३.३३ प्रतिशत, गुरुङ्ग र राई ३.३३ प्रतिशत, रहेको छ भने मगर ३.३३ प्रतिशत, ब्राह्मण १०.०० प्रतिशत, पाइयो भने सबभन्दा बढी परियार ३६.६८ प्रतिशत, सार्की, ६.६७ प्रतिशत, वि.क. १३.३३ प्रतिशत दलि वर्गका रहेको पाइयो ।

समग्रमा भन्नुपर्दा यस अध्ययन क्षेत्रमा ५६.६६ प्रतिशत (३४ जना) बालश्रमिकहरू दलित समुदायका रहेका छन् भने ४३.३३ प्रतिशत (२६ जना) बालश्रमिकहरू क्षेत्री, खत्री, नेवार, राई, ब्राह्मण, मगर, गुरुङ्ग समुदायका रहेको देखियो । विपन्नताका कारणले नै आफ्नो गाउँ छोडी काठमाडौं महाराजगञ्जमा आई काम गर्न बाध्य भएका यि बालबालिका मध्ये दलित बालश्रमिकको सङ्ख्या बढी भएको पाइयो ।

### ४.१.४ बालश्रमिकहरूको धार्मिक विवरण

कुल ६० जना बालश्रमिकहरूमा जम्मा ६ जना विभिन्न धार्मिक समूहका बालबालिका रहेको पाइयो भने केही सङ्ख्या धर्म नखुलेको बालश्रमिक पनि पाइयो ।

**चित्र ४.१ : बालश्रमिकहरूको धार्मिक बनावट**





*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

हिन्दु धर्मको बाहुल्यता रहँदै आएको र अधिकांशले हिन्दू धर्मलाई नै अनुसरण गरेकाले हिन्दू धर्म मान्नेको सङ्ख्या बढी देखिन्छ । यद्यपि आधुनिकीकरण पश्चिमीकरण जस्ता सामाजिक परिवर्तनका प्रक्रियाहरुले गर्दा क्रिश्चियन धर्मप्रति झुकाव बढ्दै गएको देखिन्छ । यस अध्ययन क्षेत्रमा पनि हिन्दु धर्म मान्ने बालश्रमिकको संख्या धेरै रहेको पाइयो । नेपालमा अधिकांश मानिसहरू हिन्दु धर्म मान्ने गर्दछन् त्यसकारण हिन्दु धर्ममान्ने बढी देखिन्छ । ९०.०० प्रतिशत (५४ जना) बालश्रमिक हिन्दु रहेका छन् । ६.६७ प्रतिशत (४ जना) इसाई धर्म मान्ने बालश्रमिक पनि पाइयो । ३.३३ प्रतिशत (२ जना) बालश्रमिकको भने धर्म खुलेन ।

### ४.१.५ बालश्रमिकको पारिवारिक पृष्ठभूमि

बालश्रमिकहरूको पारिवारिक पृष्ठभूमि अन्तर्गत उनीहरूको पारिवारिक अवस्था र उनीहरूको आमाबुवाको स्थितिको विश्लेषण गरिएको छ । बालश्रमिकहरूको पारिवारिक अवस्था के कस्तो छ भन्ने कुरालाई तलको तालिकामा स्पष्ट देख्न सकिन्छ ।

**चित्र ४.२ : बालश्रमिकको पारिवारिक अवस्था**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

बालश्रमिकको पारिवारिक अवस्थालाई ३ समूहमा विभाजन गरिएको छ। जसमा सबभन्दा कम परिवार संख्या भएको (१३.३३ प्रतिशत), बृहत परिवारबाट ८ जना बालश्रमिक, त्यस्तै सबैभन्दा बढी परिवार संख्या भएको (६० प्रतिशत) एकल परिवारबाट ३६ जना र संयुक्त परिवार २६.६० प्रतिशत) भएको परिवारबाट १६ जना बालश्रमिकको संलग्नता रहेको पाईयो ।

यसबाट के स्पष्ट हुन्छ कि अधिकांश बालश्रमिकहरू एकल परिवारमा बस्छन् र जिविकोपार्जनको लागि उनीहरूले पनि काम गर्न बाध्य छन् ।

### ४.१.६ बालश्रमिकहरूको पारिवारिक अभिभावक स्थिति

बालश्रमिकहरूको आमा/बुवा भए/नभएको र बुवा अर्को आमासँग बसेको वा आमा अर्को बुवासँग बसेको स्थितिको बारेमा स्पष्ट अध्ययन गरिएको थियो ।

**तालिका ४.४ बालश्रमिकका आमा बुवाको अवस्था**

| आमा, बुवा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| दुवै भएका | ४२ | ७०.०० |
| आमा भएका बुवा नभएका | १२ | २०.०० |
| दुवै नभएका | २ | ३.३३ |
| बुवा भएका आमा नभएका | २ | ३.३४ |
| बुवा अर्को आमासँग | २ | ३.३४ |
| आमा अर्को बुवासँग | २ | ३.३४ |
| जम्मा | ६० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

बालश्रमिकहरूको आमा बुवाको स्थितिमा ७०.०० प्रतिशत (४२ जना) बालश्रमिकको आमा बुवा दुवै भएको, आमा बुवा दुवै नभएको ३.३३ प्रतिशत (२ जना), आमा भएका बुवा

नभएका २०.०० प्रतिशत (६ जना), बुवा भउको आमा नभएको (०.३ प्रतिशत) (२ जना), २ आमा अर्को बुवासँग बसेको ३.३३ प्रतिशत (२ जना) बालश्रमिक पाइयो ।

अधिकांश बालश्रमिकहरूका आमा बुवा भएको पाइए तापनि विपन्नता र अशिक्षित भएको कारणले उनीहरूले पनि बालश्रमिकको रूपमा काम गर्नु परेको देखिन्छ। त्यस्तै बुवा नभएका बालश्रमिकले आफ्नो परिवार, पाल्न, आमा नभएको, आमा बुवा दुवै नभएको र बुवा अर्को आमासँग बसेका बालश्रमिकहरूले पनि आफ्नो जीवनयापनको लागि गाउँ छोडी काठमाडौंमा बालश्रमिक बन्न बाध्य भएको बताए ।

**वैयक्तिक अध्ययन १**

गुल्मी घर भई हाल काठमाडौं महानगरपालिका ३, महाराजगञ्जमा अस्थायी बसोबास गर्दछुमेरो नाम सन्तोष राई हो मेरो उमेर १२ वर्ष भयो । मैले कक्षा ५ सम्म पढेको थिए । बुवा हर्क ब. राईको मृत्युपछि पारिवारिक कारणले आफ्नो गाईघाटको घर छोडेको थिएँ । मेरो परिवार आमा सहित ३ दिदी बहिनी छन् । मैले दैनिक १४ घण्टा जति होटेलमा भाँडा माझ्ने देखि सरसफाई गर्ने सम्म काम गर्दछु । जसबाट मैले मासिक २००० रकम प्राप्त गर्दछु । आफुले प्राप्त गरेको रकम दाल, चामल किन्न घरमा पठाउँछु । मैले घरमा पैसा नपठाउँदा परिवार भोकै पर्दछन् । भविष्यमा के बन्ने भन्ने कुरामा म अन्यौलमा छु । मलाई पढ्न नपाएकोमा चिन्ता लागेको छ । घरखर्चको लागि भएपनि काम गर्न म विवश छु ।


### ४.१.७ बालश्रमिकहरूको बसाई सराइको विवरण

बालश्रमिकहरू स्थानीय हुन वा बसाई सराई गरि आएको तथा आफ्नो गाउँ छोडी काठमाडौं आउनु परेको कारणबारे सोध्नी हुँदा अधिकांशले बसाईसराईबाट आएको केही स्थानीय पनि भेटिए ।

### ४.१.८ बालश्रमिकहरूको बसाईसराईको स्थिति

बालश्रमिकको बसाइसराईको स्थितिको बारेमा तलको तालिकामा स्पष्ट देखाईएको छ ।

**चित्र ४.३ : बालश्रमिकको बसाईसराईको अवस्था**





*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

कुल ६० जना बालश्रमिकहरूमा बसाईसराई गरी शहर आउनेको सङ्ख्या ८६.६७ प्रतिशत (५२ जना) र स्थानीय १३.३३ प्रतिशत (८ जना) बालश्रमिक रहेको पाइयो ।

### ४.१.९ बालश्रमिकहरू शहर आउनुपर्ने कारणको विवरण

बालश्रमिक शहर आउनुपर्ने कारणलाई तलको तालिकाबाट पनि स्पष्ट रूपमा हेर्न सकिन्छ ।

**चित्र ४.४ : बालश्रमिक शहर आउनुपर्ने कारण**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

कुल ६० जना बालश्रमिकहरूमा आफ्नो गाउँ, घर छोडी बसाईसराई गरी शहर आउनुपर्ने मुख्य कारण विपन्नता नै हो भन्ने देखियो । कुल ५०.०० प्रतिशत (३० जना) बालश्रमिक गरिबीको कारण, ३०.०० प्रतिशत (१८ जना) बालश्रमिक गाउँको कठिन जीवनयापनको कारणले, १० प्रतिशत (६ जना) बालश्रमिक शसस्त्र द्वन्द्वको कारण आफ्नो परिवार, गाउँमा बस्न नसकेर शहर आएको बताए भने १०.०० प्रतिशत (६ जना) बालश्रमिकहरूलाई परिवारले नराम्रो व्यवहार गर्ने, त्यस्तै घरमा पैसा नभएकोले र आफ्नो चलाई आइरहेको व्यवहार धान्न पनि बालश्रमिकहरूका परिवारले  बसाईसराई गर्नु परेको कारण बताईयो ।

**वैयक्तिक अध्ययन २**

मेरो घर काभ्रे हो ।हाल महाराजगञ्जमा बसोबास गर्दछु । मेरो नाम रवि परियार हो र उमेर १० वर्ष भयो । आमा, बुवा र दुई दिदी बहिनी गरी हाम्रो परिवार ५ जनाको रहेको  छ । बुवा गलैंचा कारखानाको साधारण चौकिदार र आमा लेवरको काम गर्नु हुन्छ । आमालाई घरमा आर्थिक मद्दत गर्न आफूले पनि होटलमा काम गरेको छु । यो भन्दा पहिले पनि होटलमा १ महिना काम गरेको तर होटल मालिकले तलब पनि नदिने र हात दुख्न थालेपछि त्यो काम छोडेको थिएँ । मैले दैनिक १४ घण्टा काम गरी मासिक २५०० कमाउने गर्दछु । आफूले कमाएको पैसा, चामल, तरकारी किन्न आमालाई घरमा पठाईदिन्छु । म शारीरिक रूपमा कमजोर छु । मलाई खोकी लाग्ने, स्वास फेर्न गाह्रो हुने हुन्छ । बालअधिकार र बालश्रमबारे म अनभिज्ञ छु । तिमीले होटेलमा काम किन गरेको भनि सोध्दा पैसा कमाउन यो काम गरेको हुँ भनि जवाफ दिए ।

### ४.१.१० बालश्रमिकहरूको शहर आउने माध्यम

बालश्रमिकहरू कोसँग शहर आए भन्ने कुरालाई तलको तालिकाबाट बुझ्न सकिन्छ ।

**तालिका ४.५: बालश्रमिक शहर को सँग आए ।**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आमा बुवासँग | ५० | ८३.३४ |
| आफन्तसँग | ६ | १०.०० |
| आफै | २ | ३३.३३ |
| अरुको सहयोगबाट | २ | ३३.३३ |
| **जम्मा** | **६०** | **१००.००** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

माथिको तालिकाले देखाए अनुसार सबैभन्दा बढी ८३.३४ प्रतिशत (५० जना) बालश्रमिकहरू आमा बाबासँग आएको, १०.०० प्रतिशत (६ जना) बालश्रमिक आफन्तसँग आएको, ३.३३ प्रतिशत (२ जना) बालश्रमिक आफै आएको र ३.३३ प्रतिशत (२ जना) बालश्रमिकले अरुको कुरा सुनेर काठमाडौं आएको बताए ।

## ४.२ बालश्रमिकहरूको आर्थिक अवस्था

मानिस एक सामाजिक प्राणी भएकोले समाजमा उसको भूमिका महत्वपूर्ण हुन्छ । सानै देखि बालबालिकाले जस्तो माहोलमा हुर्कने, बढ्ने मौका पाउँछन् त्यसै अनुरूप उसको व्यक्तिगत विकास हुन्छ । व्यक्तिको व्यक्तित्व विकासमा जति सामाीजक पृष्ठभूमिको भूमिका रहन्छ, त्यति नै आर्थिक पृष्ठभूमिको पनि भूमिका रहन्छ । यस शोध अध्ययनको एक पक्ष बालश्रमिकको आर्थिक पृष्ठभूमि बारे अध्ययन गर्नु पनि हो ।

बालश्रमिकको आर्थिक अवस्थालाई चित्रण गर्दा यस विषयसँग संवद्ध पक्षहरू जस्तैः बालश्रमिकको परिवारको पेशा, जग्गा जमिनको विवरण, जग्गा जमिनबाट वर्ष भरि खान पुग्ने/नपुग्ने, घर भएको/नभएको विवरण तथा बालश्रमिकको आम्दानी र खर्च आदिमा विभाजन गरी प्रस्तुत गरिएको थियो ।

### ४.२.१ परिवारको पेशा

बालश्रमिक परिवारले अपनाएको पेशालाई तलको तालिकाबाट बुझ्न सकिन्छ ।

**तालिका ४.६ : बालश्रमिकको परिवारको पेशा**

| श्रमिकको परिवारको पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मजदूरी | ४४ | ७३.२३ |
| तल्लो तहको नोकरी | १० | १६.६७ |
| सानो व्यापार | ४ | ६.६७ |
| कृषि पेशामा | २ | ३.३३ |
| जम्मा | ६० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

बालश्रमिकको परिवारको पेशाको अध्ययन गर्दा ७३.३३ प्रतिशत (४४ जना) बालश्रमिकका परिवार मजदुरी ज्यालादारी पेशामा, १६.६७ प्रतिशत (१० जना) बालश्रमिकका परिवार तल्लो तहको नोकरीमा, ६.६७ प्रतिशत (४ जना) को परिवार सानो व्यापारमा र ३.३३ प्रतिशत (२ जना) श्रमिकको परिवार मात्र कृषि पेशामा संलग्न रहेको पाइयो । अधिकांश बालश्रमिकका परिवार मजदुरी पेशामा लाग्नुको कारण अपर्याप्त जग्गा जमिन र सुकुम्बासी भएको भन्ने तथ्या खुल्न आयो ।

**वैयक्तिक अध्ययन ३**

मेरो नाम युनिशा मगर हो । मेरो घर रसुवा हो । हाल म १४ वर्षकी भए । म चक्रपथ चप्पल कारखाना नजिकै अस्थायी रूपमा मेरो परिवारसँग बसोबास गर्छु । मेरो घरको आर्थिक स्थिति नाजुक भएको र परिवारको आम्दानीको स्रोत केही नभएकोले म बालश्रममा लाग्न बाध्य भएकी हुँ । मैले कमाएको केही रकम परिवारलाई दिने गरेकी छु । तलब समयमा नपाइने गरेको हुनाले दैनिक घरखर्च चलाउन गाह्रो परेको छ । मैले दैनिक ८ देखि १० घण्टा काम गर्छु । तर पनि बिरामी पर्दा र अरू समस्या पर्दा कामबाट छुट्टी पाइँदैन । मलाई बालअधिकार के हो भन्ने केही थाहा छैन । म भविष्यमा शिक्षिका बन्न चाहन्छु । तर घरको स्थिति नाजुक भएकोले के हुन्छ भनेर सोच्न सकेको छैन । मेरो परिवारमा ६ जना सदस्य रहेका छौँ । बाबु, आमा पनि मजदुरी काम गर्नुहुन्छ । म परिवारको जेठी छोरी भएको हुनाले मैले भाइ बहिनीप्रति पनि केही गर्नुपर्छ भन्ने सोचेकी छु ।

### ४.२.२ बालश्रमिकहरूको परिवारको खेती योग्य जमिनको विवरण

बालश्रमिकको परिवारको खेती योग्य जमिन कति छ भन्ने कुरा तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७ : जमिनको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| खेती योग्य जमिन नभएको | ४२ | ७०.०० |
| खेती योग्य जमिन भएको | १८ | ३०.०० |
| जम्मा | ६० | १००.०० |


*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

कुल ६० जना बालश्रमिकहरूको खेती योग्य जमिनको सर्वेक्षण गर्दा ७०.०० प्रतिशत (४२ जना) बालश्रमिकको खेती योग्य जमिन नभएको, ३०.०० प्रतिशत (१८ जना) बालश्रमिकहरूको खेती योग्य जमिन भए पनि खेती गर्न नसकिएको भन्ने पाइयो ।

### ४.२.३ खेतीबाट वर्ष दिन खान पुग्ने/नपुग्ने अवस्था

बालश्रमिकको आफ्नो खेतीयोग्य जमिनबाट वर्षदिन खान पुग्ने/ नपुग्ने भन्ने तथ्यलाई तलको तालिकामा हेर्न सकिन्छ ।

**चित्र ४.५ : वर्ष दिन खान पुग्ने/नपुग्ने अवस्था**





*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

अधिकांश बालश्रमिकहरूको आफ्नो खेतीबाट परिवारले वर्षभरि खान पुग्दैन । कुल उत्तरदाता मध्ये ८६.६७% (५२ जना) बालश्रमिकको परिवरले आफ्नो उब्जनीबाट वर्ष भरि खान नपुग्ने १३.३३% (८ जना) बालश्रमिकको परिवारले मात्र वर्षभरि खान पुग्ने भनिए पनि त्यो पर्याप्त नभएको पाइयो ।

### ४.२.५ बालश्रमिकहरूको दैनिक काम गर्ने अवधि

बालश्रमिकको दैनिक कति घण्टा काम गर्छन् भन्ने कुरालाई तलको तालिकाले स्पष्ट पारेको छ ।

**चित्र ४.६ : दैनिक काम गर्ने अवधि**




*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

बालश्रमिकले दिनमा कति घण्टा काम गर्ने रहेछन् भनि गरिएको सर्वेक्षणमा उनीहरूले दैनिक १२ देखि १४ घण्टा सम्म पनि काम गर्ने गरेको पाइयो । उनीहरूले दैनिक काम गर्ने समयलाई घण्टाको आधारमा ३ समूहमा विभाजन गरि अध्ययन गर्दा १३.३३ प्रतिशत (८ जना बालश्रमिकहरूले दैनिक ८-१० घण्टा होटलम, २०.०० प्रतिशत (१२ जना) बालश्रमिकहरूले दैनिक १०-१२ घण्टा होटलमा, ६६.६७ प्रतिशत (४० जना) बालश्रमिकहरूले दैनिक १२ देखि १४ घण्टा धेरै समय सम्म होटलमा काम गरेको पाइयो ।

### ४.२.६ बालश्रमिकहरूको खर्च

बालश्रमिकले आफूले कमाएको पैसा के मा खर्च गर्दछन् भन्ने कुरा तलको तालिकामा हेर्न सकिन्छ ।

**तालिका ४.८ : बालश्रमिकहरूको दैनिक खर्च विवरण  खाद्यान्न र यातायात**

| खर्च रकम (रु.) | केटाको सङ्ख्या | केटीको सङ्ख्या | कैफियत |
|---|---|---|---|
| ३० - ४५ | १० | ७ | |
| ४५ - ६० | ७ | ६ | |
| ६० - ७५ | ८ | ६ | |
| ७५ - ९० | ७ | २ | |
| ९० भन्दा बढी | ४ | २ | |
| जम्मा | ३६ | २४ | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

दैनिक खर्चको रूपमा खाद्यान्न र यातायातमा केही बालबालिकाहरुले खर्च गरेको दखियो । तुलनात्मक रूपमा गाडी चढ्नेको सङ्ख्या कम रहेको छ । न्यूनतम रु. ३० देखि अधिकतम रु. १०० सम्म दैनिक रूपमा खर्च गर्ने गरेको पाइन्छ । केटीहरुको तुलनामा केटाहरुको दैनिक खर्च पनि बढी देखिन्छ । यसो हुनुमा केटाकेटीहरुको मनोवैज्ञानिक कारण पनि जिम्मेवार छ ।

**तालिका ४.९  : औषधी तथा मनोरञ्जन (मासिक)**

| खर्च रकम (रु.) | केटाको सङ्ख्या | केटीको सङ्ख्या | कैफियत |
|---|---|---|---|
| ५०० - ६०० | १५ | ३ | |
| ६०० - ७०० | ८ | ४ | |
| ७०० - ८०० | ७ | ५ | |
| ८०० - ९०० | ४ | ८ | |
| ९०० भन्दा बढी | २ | ४ | |
| जम्मा | ३६ | २४ | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

मासिक खर्चको रूपमा औषधी तथा मनोरञ्जनका लागि खर्च गरेको पाइयो । औषधीमा केटाहरुको तुनलामा केटीहरुले बढी रकम खर्च गरेको देखिन्छ । अधिकतम केटाहरुले औषधी र मनोरञ्जनमा ६००-७०० रूपैयाँ खर्च गरेको देखिन्छ भने केटीहरुमा ८००-९०० सम्म खर्च गरेको पाइयो ।

**तालिका ४. १० : लुगाफाटोमा हुने वार्षिक खर्च**

| वार्षिक खर्च रकम (रु.) | केटाको सङ्ख्या | केटीको सङ्ख्या | कैफियत |
|---|---|---|---|
| २००० - ४००० | ६ | २ | |
| ४००० - ६००० | ८ | ८ | |
| ६००० - ८००० | १५ | १० | |
| ८००० - १०००० | ५ | ३ | |
| १०००० भन्दा बढी | २ | १ | |
| जम्मा | ३६ | २४ | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

बाल श्रमिकहरुलाई उनीहरुको वार्षिक खर्च विवरणको बारेमा प्रश्न गर्दा अरू चिजहरुभन्दा लुगाफाटोमा खर्च गरेको देखियो । उनीहरुको कमाइ अनुसार वार्षिक सरदर ६०००-८००० रूपैयाँ खर्च गर्नेको सङ्ख्या दुवै केटा केटीमा धेरै देखियो । वार्षिक १००० भन्दा बढी खर्च गर्नेको सङ्ख्या न्यून रहेको पाइयो ।

## ४.३ बालश्रमिकहरूको शैक्षिक अवस्था

यस अध्ययन अन्तर्गत बालश्रमिकहरूको र उनीहरूका आमाबुवाको शैक्षिक अवस्थाको विश्लेषण गरेको छ । बालश्रमिकको शैक्षिक अवस्थालाई तलको तालिकाले स्पष्ट देखाउँछ ।

**तालिका ४.११: बालश्रमिकहरूको शैक्षिक स्थिति**

| विवरण | जम्मा केटाको सङ्ख्या | जम्मा केटीको संख्या | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| साक्षर (औपचारिक) | १९ | ९ | २८ | ४६.६७ |
| निरक्षर | १२ | १० | २२ | ३६.६६ |
| साक्षर (अनौपचारिक) | ५ | ५ | १० | १६.६७ |
| **जम्मा** | **३६** | **२४** | **६०** | **१००.००** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

अनौपचारिक : स्कुल भर्ना भएको

अनौपचारिक : स्कुल भर्ना नभएको, तर केही समयको लागि बाल शिक्षाको कक्षामा जाने (अक्षरमात्र चिन्ने)

कुल ६० जना बालश्रमिकहरूको शैक्षिक स्थिति सर्वेक्षण गर्दा ४६.६७ प्रतिशत २८ जना औपचारिक साक्षर, १६.६७ प्रतिशत (१० जना) बालश्रमिक अनौपचारिक साक्षर र ३६.६६ (२२ जना) बालश्रमिक निरक्षर रहेको पाइयो । औपचारिक साक्षर बालश्रमिकहरूमा सबभन्दा धेरै कक्षा ८ सम्म पढेको पाइयो ।

### ४.३.१ आमा बुवाको शैक्षिक स्तर

बालश्रमिकको आमाबुवाको शैक्षिक स्तरलाई तलको तालिकाले स्पष्ट पारेको छ ।

**तालिका ४.१२ : आमाबुवाको शैक्षिक अवस्था**

| विवरण | जम्मा केटाको सङ्ख्या | जम्मा केटीको संख्या | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| आमा बुवा दुवै निरक्षर | २५ | १५ | ४० | ६६.६७ |
| बुवा अनौपचारिक शिक्षित | ४ | ६ | १० | १६.६७ |
| आमा अनौपचारिक शिक्षित | ६ | २ | ८ | १३.३३ |
| बुवा शिक्षित | १ | १ | २ | ३.३३ |
| जम्मा | ३६ | २४ | ६० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

अध्ययन क्षेत्रमा बालश्रमिकहरूलाई उनीहरूको आमाबुबाको शैक्षिक स्तरको बारेमा जानकारी लिँदा आमा र बाबु दुवै जना निरक्षर हुनेको सङ्ख्या ४० रह्यो । अध्ययनमा बाबु मात्र अनौपचारिक शिक्षित तर आमा अशिक्षितको सङ्ख्या १० अर्थात् १६.६७ प्रतिशत रहेको पाइयो भने बाबु निरक्षर तर आमा अनौपचारिक शिक्षित भएको सङ्ख्या ८ अर्थात् १३.३३%

र बाबु मात्र शिक्षित जम्मा २ जना मात्र रहेको पाइयो । यो अध्ययनले बालश्रमिकको पारिवारिक शैक्षिक अवस्था ज्यादै कमजोर रहेको देखाउँछ । सायद अशिक्षाका कारणले नै उनीहरूका छोराछोरी बालश्रमिक बनेका हुन सक्छन् ।

### ४.३.२ बाल श्रमिकहरूलाई बाल अधिकार र बालश्रमबारेको जानकारी

बालश्रमिककहरूलाई बालश्रमिक र बालअधिकारबारे जानकारी भए नभएको तलको तालिकाले स्पष्ट देखाउँदछ ।

**तालिका ४.१३ : बालश्रम र बालअधिकारको जानकारी**

| विवरण | थाहा छ | | थाहा छैन | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| बाल अधिकार | ४ | ६.६७ | ५६ | ९३.३३ | ६० | १०० |
| बालश्रम | २ | ३.३३ | ५८ | ९६.६७ | ६० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

कुल ६० जना बालश्रमिकहरू मध्ये बालअधिकार बारे जानकारी हुने ६.६७% (४ जना) पाइए भने १३.३३% (५६ जना) बालअधिकारबारे जानकारी नभएको पाइए । त्यस्तै बालश्रमको जानकारी भएको ३.३३% (२ जना) पाइयो भने अरु १६.६७% (५८ जना) बालश्रमबारे अनभिज्ञ भएको पाइयो ।

## ४.४ बालश्रमिकहरूको स्वास्थ्य स्थिति

कुनै पनि बालश्रमिकको व्यक्तित्व विकासलाई सामाजिक, आर्थिक अवस्थाले जति महत्वपूर्ण भूमिका खेलेको हुन्छ त्यतिकै उसको शारीरिक, मानसिक अवस्थाले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ। स्वस्थ समाजको परिकल्पना गर्दा स्वस्थ बालबालिकाको पनि कल्पना गर्न जरुरी छ। आजको बालबालिका नै भोलिका देशका भविष्य हुन्। त्यसैले यि बालबालिकाहरूले स्वस्थ वातावरणमा हुर्कन पाउनुपर्छ भने राज्यले यिनीहरूको स्वास्थ्य र स्वास्थ्य सेवामा टेवा दिनु जरुरी छ। यस अध्ययनमा बालबालिकाको स्वास्थ्य समस्यालाई ३ समूहमा राखी विश्लेषण गरिएको छ। बालश्रमिकहरूको स्वास्थ्य अवस्थालाई तलको तालिकामा स्पष्ट पारिएको छ।

**तालिका ४.१४ : स्वास्थ्य अवस्था**

| विवरण | जम्मा केटाको सङ्ख्या | जम्मा केटीको संख्या | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| श्वास फेर्न गाह्रो हुने | २० | ४ | २४ | ४०.०० |
| खोकी लाग्ने | १४ | १० | २४ | ४०.०० |
| ज्वरो आउने | २ | ८ | १० | १६.६७ |
| पेटमा गाँनो आउने | - | २ | २ | ३.३३ |
| जम्मा | ३६ | २४ | ६० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

अध्ययन गरिएका ६० जना बालश्रमिकबारे ४०.०० प्रतिशत (२४ जना) बालश्रमिकहरूले श्वास फेर्न गाह्रो हुने, ४०.०० प्रतिशत (१२ जना) ले खोकी लाग्ने, १६.६७ प्रतिशत (१० जना) ले बेला-बेलामा ज्वरो आउने र ३.३३ प्रतिशत (२ जना) ले पेटमा गाँनो आउने बताए।

यि बालश्रमिकहरूले घरभित्र काम गर्दा उकुसमुकुस हुने, चिसो हुने र खोकी लाग्ने बालश्रमिकको संख्या बढी भएको देखिन्छ। त्यस्तै केही बालबालिका (१०जना) लाई ज्वरो आउने र (२ जना) लाई गरुङ्गो सामान उचाल्न पेटमा गाँनो आउने गरेको अध्ययनमा पाइयो।

### ४.४.१ बालश्रमिकहरूको चोटपटक वा जोखिमको अवस्था

बालश्रमिकलाई शरीरको कुन अङ्गमा चोट लाग्ने गरेको भन्ने कुरालाई तलका तालिकाबाट पनि हेर्न सकिन्छ ।

**तालिका ४.१५ : बालश्रमिकको शरीरमा लाग्ने चोट वा जोखिम**

| विवरण | जम्मा केटाको सङ्ख्या | जम्मा केटीको संख्या | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| औलामा | २० | ६ | २६ | ४३.३३ |
| हातमा | २ | १० | १२ | २०.०० |
| खुट्टामा | ८ | २ | १० | १६.६७ |
| आँखामा | २ | ४ | ६ | १०.०० |
| अन्य ठाउँमा | ४ | २ | ६ | १०.०० |
| जम्मा | ३६ | २४ | ६० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

बालश्रमिकहरूले काम गर्दा शरीरको कुन भागमा बढी चोट लाग्ने गरेको भनि अध्ययन गर्दा ४३.३३ प्रतिशत (२६ जना) ले औलामा, २०.०० प्रतिशत (१२ जना) ले हातमा, १६.६७ प्रतिशत (१०जना) ले खुट्टामा, १०.०० प्रतिशत (६ जना) ले आँखामा र १०.०० प्रतिशत (६ जना) ले अन्य ठाउँम चोट लाग्ने गरेको बताए ।

बढी बालश्रमिकहरूलाई होटलमा काम गर्ने बेलामा लामो समय चिसो अध्यारो कोठामा बस्नुपर्ने अवस्था पाइयो । चिसोले गर्दा खुट्टा पनि सुन्निने बताईयो ।

### ४.५ काम गर्ने ठाउँको विवरण

बालश्रमिकले काम गर्ने ठाउँ वा वातावरण राम्रो/नराम्रो कस्तो छ भनि बुझ्न तलको तालिकालाई हेर्न सकिन्छ ।

**तालिका ४.१६ : बालश्रमिकहरूले काम गर्ने ठाउँ वा वातावरण**

| **विवरण** | **जम्मा केटाको सङ्ख्या** | **जम्मा केटीको संख्या** | **जम्मा सङ्ख्या** | **जम्मा प्रतिशत** |
|---|---|---|---|---|
| खतरापूर्ण (डरलाग्दो) | ६ | २० | २६ | ४३.३३ |
| नराम्रो (फोहोर, नरमाइलो) | १७ | १ | १८ | ३०.०० |
| राम्रो (सफा, रमाइलो) | १२ | - | १२ | २०.०० |
| थाहा छैन | १ | ३ | ४ | ६.६७ |
| जम्मा | ३६ | २४ | ६० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

कुल ६० जना बालश्रमिकहरूलाई उनीहरू काम गर्ने ठाउँ कस्तो छ भनी गरिएको अध्ययनमा ४३.३३ प्रतिशत (२६ जना) ले खतरापूर्ण, ३०.०० प्रतिशत (१८ जना) ले नराम्रो, २०.०० प्रतिशत (१२ जना) ले राम्रो र ६.६७ प्रतिशत (४ जना) ले थाहा छैन भनि जवाफ दिए ।

बढी सङ्ख्यामा बालश्रमिकहरूले आफूले गर्ने ठाउँ अध्यारो, चिसो र चिप्लो भएकोले लडीन्छ कि भन्ने डर भइरहने बताए । कोही बालश्रमिकले भने काम गर्ने ठाउँ फोहोर र नराम्रो बताए भने कोहीले मात्र होटल रेष्टुरेन्टभित्र काम गर्ने भएकोले आफूलाई राम्रो लागेको बताए ।

## ४.६ बालबालिका बालश्रमिक बन्नुको कारण

नेपालमा बालबालिकाहरू बालश्रमिक बन्नुका पछाडि विभिन्न कारणहरू छन् । जसमध्ये केही कारणहरूलाई आधार बनाई स्थलगत सर्वेक्षण गरिएको थियो जसलाई निम्न तालिकामा स्पष्ट पारिएको छ ।

**तालिका ४.१७ : बालश्रमिक बन्नुका कारणहरू**

| कारक तत्वहरू | जम्मा केटाको सङ्ख्या | जम्मा केटीको संख्या | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| गरिबीका कारण | २० | १० | ३० | ५०.०० |
| अन्य काम नपाएकोले | ६ | १० | १६ | २६.६६ |
| शहरप्रतिको मोहले | ४ | २ | ६ | १०.०० |
| साथीभाईको लहैलहैले | ३ | १ | ४ | ६.६६ |
| अन्य विविध कारणले | ३ | १ | ४ | ६.६६ |
| जम्मा | ३६ | २४ | ६० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

उपयुक्त तालिकाबाट यो स्पष्ट हुन्छ कि अधिकांश बालबालिकाहरू (५० प्रतिशत) आफु गरिब भएकै कारण यस्तो काममा लाग्नु परेको बताउँछन् भने अरु कुनै काम नपाएका कारण यो कार्यमा लाग्ने बालबालिकाहरू २६.६६ प्रतिशत देखिन्छन्। यस्तै शहर जाने रहरले १० प्रतिशत साथीभाईको लहैलहैमा लागेर ६.६६ तथा अन्य विविध कारणबाट ६.६६ प्रतिशत बालबालिकाहरू  यस कार्यमा संलग्न भएको बताए ।

## ४.७ बालश्रमिकले भोग्नुपरेको समस्या

होटलमा काम गर्नु आफैमा एक कठिन काम हो, त्यसमा पनि बालबालिकाहरूका लागि कष्टकर हुनु स्वभाविकै हो । यस्तो कष्टकर काम गर्दा निश्चय नै बालश्रमिकहरूले विभिनन समस्याहरूको प्रत्यक्ष सामना गर्नुपर्ने हुन्छ। अध्ययन क्षेत्रका बालश्रमिकहरूले भोगिरहेका प्रमुख समस्याहरूलाई प्रत्यक्ष भेटघाटबाट पहिचान गर्ने प्रयास गरिएको थियो । जुन निम्न तालिकाबाट प्रष्ट्याईएको छ ।

**तालिका ४.१८ : बालश्रमिकले भोग्नुपरेको समस्या**

| समस्या | जम्मा केटाको सङ्ख्या | जम्मा केटीको संख्या | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| चोटपटक लागिरहन्छ | ८ | १२ | २० | ३३.३३ |
| काम नराम्रो लाग्छ | ६ | ४ | १० | १६.६६ |
| मानिसहरूले हेप्छन् | ५ | ५ | १० | १६.६६ |
| पारिश्रमिक कम छ | ७ | १ | ८ | १३.३३ |
| समयमा पैसा पाईदैन | ६ | - | ६ | १०.०० |
| काम गर्ने ठाउँ अप्ठेरो छ | ६ | - | ६ | १०.०० |
| यौन शोषण हुन्छ | - | २ | २ | ३.३३ |
| जम्मा | ३६ | २४ | ६० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

यस्तै सामाजिक समस्याका रूपमा मानिसहरूबाट हेपिनु, यौन दुर्व्यव्यवहारको शिकार हुने, शारीरिक समस्याका रूपमा चोटपटक लाग्नु, यसरी नै मानिस समस्याका रूपमा काम प्रति नरमाइलो लाग्नु तथा स्थलगत समस्याका रूपमा काम गर्ने ठाउँ अप्ठेरो हुनुलाई समग्रमा समस्याको रूपमा लिईएको छ। यसरी हेर्दा सबैभन्दा बढी ३३.३३ प्रतिशत बालश्रमिकहरू शारीरिक समस्याबाट पिडित रहेका छन्।

## ४.८ भविष्यको लक्ष्य

कुनै पनि बालबालिकाको भविष्यको लक्ष्य राम्रो नै हुन्छ तर पनि परिस्थितिको कारणले ती लक्ष्य पुरा गर्न सकिरहेका हुँदैनन्। उनीहरूबारे गरिएको अध्ययन अनुसार यि बालश्रमिकहरूको भविष्यको लक्ष्यलाई पनि तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४.१९ : बालश्रमिकहरूको भविष्यको लक्ष्य**

| विवरण | जम्मा केटाको सङ्ख्या | जम्मा केटीको संख्या | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| मिस्त्री बन्ने | १० | ६ | १६ | २६,६७ |
| टेलर मास्टर बन्ने | ८ | ६ | १४ | २३,३३ |
| शिक्षक वा शिक्षिका बन्ने | ५ | ५ | १० | १६।६७ |
| लाहुरे बन्ने | ७ | १ | ८ | १३।३३ |
| जागिर खाने | २ | २ | ४ | ६।६७ |
| व्यापारी बन्ने | २ | २ | ४ | ६।६७ |
| पाइलट | १ | १ | २ | ३।३३ |
| डाक्टर बन्ने | १ | १ | २ | ३।३३ |
| जम्मा | ३६ | २४ | ६० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

कुल ६० जना बालश्रमिकहरूलाई उनीहरूको भविष्यको लक्ष्य र योजनाबारे गरिएको अध्ययनमा २६.६७ प्रतिशत (१६ जना) ले मिस्त्री बन्ने, २३.३३ प्रतिशत (१४ जना) ले टेलर मास्टर बन्ने, १७.६७ प्रतिशत (१० जना) ले शिक्षक बन्ने, १३.३३ प्रतिशत (८ जना) ले लाहुरे बन्न, ६.६७ प्रतिशत (४जना) ले जागिर खाने, ३.३३ प्रतिशत (२ जना) ले डाक्टर बन्ने, ६.६७ प्रतिशत (२ जना) ले व्यापारी बन्ने र ३.३३ प्रतिशत (२ जना) ले पाइलट बन्ने बताए। यस अध्ययनमा बालश्रमिकहरूले आफ्नो लक्ष्य साधारण नै राखेको पाइयो भने दुई जनाले मात्र डाक्टर बन्ने र दुई जनाले पाइलट बन्ने ठूलो सपना भएको बताए जुन बालश्रमिकको लागि साधारण कुरा छैन। लक्ष्य सकारात्मक कुरा हो।

## अध्याय पाँच

# सारांश र निष्कर्ष

यस अध्याय अन्तर्गत सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ। सारांश अन्तर्गत सम्पूर्ण अध्ययनको छोटकरीमा सार खिचिएको छ भने निष्कर्षमा शोधबाट प्राप्त तथ्यलाई छोटकरीमा प्रस्तुत गरिएको छ। सुझावमा बालश्रमिकहरूले सामना गर्नु परेका समस्याको समाधानका लागि बुँदागत सुझाव दिइएको छ।

## ५.१ सारांश

- यस अध्ययनको मुख्य उद्देश्य काठमाडौं महानगरपालिका वडा नं. ३, महाराजगन्ज, चक्रपथ चोकबाट चप्पल कारखाना त्रि.वि. शिक्षण अस्पताल क्षेत्रका होटलमा काम गर्ने बालश्रमिकहरूको सामाजिक तथा आर्थिक समस्या एवम् ती बालबालिकाहरू बालश्रमिक बन्नु परेको कारण र तिनीहरूले भोग्नु परेको समस्याहरूको पहिचान गरी प्रकाशमा ल्याउनु थियो।
- यस अध्ययनमा प्राथमिक र द्वितीय तहका तथ्यांकहरू प्रयोग गरी अन्तर्वार्ता, अध्ययन क्षेत्रको अवलोकन, बाल श्रमिकका अभिभावक, जानकार व्यक्तिहरूसँगको अन्तवार्ता र वैयक्तिक अध्ययन विधिहरू अपनाएर आवश्यक तथ्यांक संकलन गरिएको थियो। काठमाडौं महानगरपालिका वडा नं. ३ महाराजगञ्जमा क्षेत्रमा बाध्यताबस होटल/रेष्टुरेन्टमा काम गर्ने बालश्रमिकहरूको सङ्ख्या ६० जना रहेकोमा यही ६० जना बालश्रमिकहरूको सङ्ख्या मध्ये ६० जनालाई उद्देश्यमूलक छनोटको आधारमा अध्ययन गरिएको थियो।
- कुल ६० जना बालश्रमिकहरू मध्ये ४० प्रतिशत (२४ जना) बालिका, ७० प्रतिशत (३६ जना) बालकलाई उत्तरदाताको रूपमा छनौट गरिएको थियो। जाति र जनजातिमा वर्गीकरण गर्दा क्षेत्री ४ जना, सार्की ४ जना, नेवार २, खत्री २, गुरुङ्ग

२, राई २, ब्राह्मण ६ जना, मगर ८, वि.क. (कामी) ८, जना र परियार (दमाई) २२ जना रहेका थिए ।

- बालश्रमिकहरूको पारिवारिक पृष्ठभूमिको अध्ययन गर्दा एकात्मक परिवारका ३६ जना, संयुक्त परिवारका १६ जना र बृहत परिवारका ८ जना थिए ।
- बाल श्रमिकको सङ्ख्या मध्ये बाबु-आमा दुवै भएका ४२ जना, दुवै नभएका २ जना, आमा भएका बुवा नभएको १२ जना, बुवा भएका आमा नभएरका २ जना, बुवाले अर्को विवाह गरी सौतेनी आमासँग बसेका २ जना थिए ।
- बालश्रमिकको शैक्षिकस्थिति अध्ययन गर्दा ४६.६७ प्रतिशत औपचारिक साक्षर, १६.६७ प्रतिशत अनौपचारिक साक्षर, ३६.६६ प्रतिशत निरक्षर रहेको पाइयो । बालश्रमिकहरूको आमाबुवाको शैक्षिक स्थितिको अध्ययन गर्दा आमाबुवा दुवै निरक्षर, बुवा अनौपचारिक साक्षर, आमा अनौपचारिक साक्षर मिश्रित तथ्याङ्क पाइयो ।
- बालश्रमिकहरू काठमाडौं शहर आउनु पर्ने कारणबारे अध्ययन गर्दा ५०.०० प्रतिशत गरिबीको कारण, ३०.०० प्रतिशत गाउँको कठिन जीवनको कारण, १०.०० प्रतिशत शसस्त्र द्वन्द्वको कारण र १०.०० प्रतिशत ऋण लागेका कारण पाइयो । त्यस्तै बालश्रमिकहरू शहर को सँग आएको भनि अध्ययन गर्दा आफन्तसँग भन्ने ६ जना, आमाबुवासँग शहर आएका ५० जना (१०.०० प्रतिशत), आफै आएका २ जना (३.३३ प्रतिशत) र ३.३३ प्रतिशत अर्थात २ जना अरुको सहयोगबाट आएको भन्ने पाईयो ।
- बालश्रमिकको आर्थिक पृष्ठभूमिलाई अध्ययन गर्ने क्रममा उनीहरूको परिवारको पेशा अध्ययन गर्दा ७३.३३ प्रतिशत मजदुरी, १६.६७ प्रतिशत तल्लो तहको नोकरी, ६.६७ प्रतिशत व्यापार र ३.३३ प्रतिशत मात्र कृषिमा संलग्न रहेको पाइयो । बालश्रमिकको गाउँमा खेती योग्य जमिन भए नभएको र त्यस जमिनबाट वर्ष भरी खान पुग्ने/नपुग्ने बारे अध्ययन गर्दा खेती योग्य जमिन भएका ३०.०० प्रतिशत र नभएका ७०.०० प्रतिशत पाइए । त्यस जमिनबाट वर्ष भरी खान पुग्ने १३.३३ प्रतिशत र खान नपुग्ने ८६.६७ प्रतिशत पाइयो । त्यस्तै उनीहरूको घर भए नभएको अध्ययन गर्दा घर (झुप्रो) भएको ८३.३३ प्रतिशत र घर (झुप्रो) नभएको

१६.६७ प्रतिशत पाइयो । त्यस्तै उनीहरूको पशु, पन्छी भएको नभएको अध्ययन गर्दा पशु पन्छी भएका २०.०० प्रतिशत र नभएका ८०.०० प्रतिशत पाइयो ।

- बालश्रमिकहरूले दैनिक काम गर्ने समयको अध्ययन गर्दा १३.३३ प्रतिशत बालश्रमिकहरूले ८ देखि १० घण्टा, २०.०० प्रतिशत बालश्रमिकहरूले १०-१२ घण्टा र ६६.६७ प्रतिशत १२-१४ घण्टा सम्म दैनिक काम गर्ने गरेको पाइयो । काम गर्दा उनीहरूले सामना गर्नु परेको स्वास्थ्य समस्याबारे अध्ययन गर्दा ति बालश्रमिकहरू मध्ये ४० प्रतिशतले श्वास फेर्न गाह्रो हुने, ४०.०० प्रतिशतले खोकी लाग्ने, १६.६७ प्रतिशतले ज्वरो आउने र ३.३३ प्रतिशतले पेटमा गानो आउँने जस्ता शारीरिक समस्याहरू भोग्नु परेको बताए त्यस्तै उनीहरूलाई लाग्ने चोटबारे अध्ययन गर्दा ४३.३३ प्रतिशतलाई औंलामा, २०.०० प्रतिशत हातमा, १६.६७ प्रतिशत खुट्टामा, १० प्रतिशत आँखामा र १०.०० प्रतिशतलाई अन्य ठाउँमा चोट लागेको पाइयो ।
- बालश्रमिकहरूलाई साना होटल/रेष्टुरेन्टमा काम कि गरेको भनि सोधिएको प्रश्नमा ३० जनाले गरिबीका कारण, १६ जनाले अन्य काम नपाएको कारण, ४ जनाले साथीभाईको लहलहैमा, शहरप्रतिको मोहले ६ जना, अन्य विविध कारण भन्ने बताउने ४ जना थिए ।
- त्यस्तै उनीहरूको भविष्यको लक्ष्य बारे अध्ययन गर्दा २६.६७ प्रतिशतको मिस्त्री बन्ने, १६.६७ प्रतिशतको शिक्षक बन्ने, १३.३३ प्रतिशतको लाहुरे बन्ने, २३.३३ प्रतिशतको टेलर मास्टर बन्ने लक्ष्य रहेको बताए । डाक्टर बन्ने लक्ष्य राख्ने ३.३३ प्रतिशत, ६.६७ ले जागिर खाने, ३.३३ ले व्यापारी बन्ने र ६.६७ प्रतिशतले पाईलट बन्ने लक्ष्य बताए । जीवनको उच्च लक्ष्य भए तापनि परिबन्धले बालश्रमिक बन्नुपर्ने उनीहरूको लागि विधिको विडम्बना जस्तै बनेको पाईयो । यसको पृष्ठभूमिमा हाम्रो सामाजिक संरचना, अवसरको कमि, आर्थिक विपन्नता, अशिक्षा गरिबीको संस्कार, राज्यको वेवास्ता आदि पक्षहरू मूल कारकको रूपमा देखिन्छ । यिनै परिस्थितिको सेरोफेरोमा हाम्रा बालश्रमिकहरूले जीवन गुजारीरहेका छन् ।

## ५.२ निष्कर्ष

अधिकांश बालश्रमिकको अवस्थाबारे अध्ययन गर्दा हाम्रो सामाजिक संरचना, बेरोजगारी, अशिक्षा, गरिबीका संस्कृति आदि पक्ष जिम्मेवार देखिन्छ। भूमिको न्यायिक वितरण नहुनु, भूमिहिनता, औद्योगिक विकास नहुनुका कारण प्रशस्त मात्रामा बेरोजगारी, अर्धबेरोजगारी र श्रमिकककको रूपमा बाच्न बाध्यहुनुपर्ने अवस्था जसले गर्दा बालबालिकाहरू पनि त्यसबाट अछुतो रहन सकेका छैनन् ।

साना होटलमा काम गर्ने बालश्रमिकहरूमा बालिकाहरूभन्दा बालकहरूको सङ्ख्या बढी छ। उनीहरू १०-१४ वर्ष उमेरका रहेका छन्। जातजातीका आधारमा दलित बालबालिकाहरूको सङ्ख्या बढी बालश्रमिक रहेको भए पनि अन्य जातजाती गुरुङ्ग, मगर, नेवार, क्षेत्री, खत्री, राई आदिको सङ्ख्या पनि उल्लेख्य रहेको छ। धार्मिक दृष्टिकोणले हिन्दु धर्म मान्नेहरूको बाहुल्यता रहेको छ भने दुई जनाले मात्र इसाई धर्म मान्ने गरेको देखियो। परिवार ठूलो भएको, एक जनाको कमाइले मात्र घर धान्न मुस्किल पर्ने हुनाले आफ्ना बालबालिकाहरूलाई पनि आर्थिक टेवाको लागि बालश्रमिकको रूपमा काम गर्न पठाएको पाइयो। यि बालश्रमिकहरूको शैक्षिक स्थितिमा उनीहरू सामान्य साक्षर र निरक्षर देखिन्छन्। उनीहरूको आमा बुवाको शैक्षिंक स्थितिमा निरक्षर र सामान्य साक्षरको सङ्ख्या धेरै देखियो।

परिवारको माया ममतामा हुर्कनु पर्ने, झोला बोकी स्कुल जानुपर्ने, स्वस्थ वातावरणमा रम्नुपर्ने बालबालिकाहरू आज बाध्यताबस शोषणमूलक परिस्थितिमा श्रमबजारमा काम गर्न बाध्य छन्। एकातिर उनीहरूको श्रमको शोषण भइरहेको छ भने अर्कोतिर बाल अधिकारको हनन् समेत भइरहेको छ। समयमा नै सरकारले यी बालबालिकाहरूको संरक्षण गर्न बालअधिकार र बालश्रमसँग सम्बन्धित नियम कानुनलाई कडाईका साथ व्यवहारमा लागु गर्नु आजको टड्कारो आवश्यकता हो।

# सन्दर्भ सामग्रीहरू


गौरी, प्रधान (१९९७), *अन्यायपूर्ण तथा शोषणमूलक श्रम सम्बन्धहरू,* काठमाडौं ।

ढुङ्गेल, रिता (२०६६), *ललितपुरको मंगलबजार क्षेत्रका सडक बालबालिकाहरूको अवस्थाः एक समाजशास्त्रीय अध्ययन,* अप्रकाशित शोधपत्र समाजशास्त्र/मानवशास्त्र विभाग, त्रिचन्द्र क्याम्पस ।

नेपालको संविधान २०७२ ।

नेपाली बालश्रमिकहरूको स्थिति विश्लेषण संक्षिप्त प्रतिवेदन, १९९७, काठमाडौं ।

पञ्जियार, गणेश (२०४७), *नेपाली बालबालिका सम्बन्धी विश्लेषणात्मक अध्ययन,* काठमाण्डौं ।

बालश्रम हाम्रो समस्या र हाम्रो प्रतिबद्धता (२०६१), *नेपाल सरकार श्रम तथा यातायात व्यवस्था मन्त्रालय श्रम सम्बन्ध तथा बालश्रम निवारण शाखा,* काठमाडौं ।

बालबालिका सम्बन्धी ऐन (२०४९): बालबालिकाको हक हितको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन (२०४८), काठमाडौं ।

महिला तथा समाज कल्याण मन्त्रालय : बालबालिका सम्बन्धी ऐन २०४८ काठमाडौं ।

युनिसेफ : समाचार सार काठमाडौं ।

राष्ट्रिय योजना आयोग त्रिवर्षीय योजना (२०६४- २०६७), नेपाल सरकार ।

सिविन (२००४) नेपालमा बालअधिकारको स्थिति, *राष्ट्रिय प्रतिवेदन*।

Boyden, J. (1990). *Childhood and policy makers: A comprehensive perspective on the globalization of childhood*

Concern-Nepal, (2007). Child labour in stone quarries: A national survey conducted by concern-Nepal.

CWIN, (2007).*Misery behind the looms: child labours in the carpet factori as in Nepal*, Kathmandu: CWIN)

Gurung, Y.B. and P. Hamal, 2008: *Migrant Working Children in Kathmandu Valley* , Report Submitted to CWIN, KTM.

Huray, Stephine (1997). *Burden on Childhood*, CONCERN, Nepal.

ILO, (2008).*Convention and Recommendation on the worst forms of child labour*.

ILO/IPEC, *Annotated:* Bibliography of child labour in Nepal.

INSEC, (1996).*Survey report on prevention of migration of children for the purpose of employment phase I report: indentification of migrant children in Kathmandu:* INSEC.

National Master Plan on Child Labour 2004, Kathmandu.

Pradhan, Gauri and Sanju, Bijaya (1988).*Urban child labour in Nepal*: Realities and challenges CWIN.

Sattaur, Omar (2006). *Child labour in Nepal. A report by anti-slavery international and CWIN*, Kathmandu.

UNICEF (1995).*Child labour in South Asia toward a UNICEF strategy: UNICEF (ROSA).*

UNICEF (1997).*Urban Child Labour in Nepal, Reality and Challenge,* UNICEF.

UNICEF, 2009: The State of World's Children Report (New York: UNICEF)

# प्रश्नावली

## अनुसूची (क)

१. बालश्रमिकको व्यक्तिगत विवरण

बालश्रमिकको परिवारिक पृष्ठभूमिः

क) बालश्रमिकको नामः

उमेरः लिङ्गः धर्मः जातः

ख) परिवारको प्रकारः

(अ) एकल (आ) संयूक्त (इ) छैन

ग) बसाई सराईः

(अ) बसाई सरेको (आ) स्थानिय (इ) थाहा नभएको

घ) यहाँ कोसँग आएको ?

(अ) आफै (आ) साथी भाइसँग (इ) अन्य

ङ) कति समयदेखि यहाँ काम गर्दछौं ?

(अ) ०-१ बर्ष (आ) १-२ बर्ष (इ) २-३ बर्ष

(ई) ३-४ बर्ष (उ) ४ बर्ष भन्दा माथि

च) घर छोड्नुको कारण के हो ?

(अ) गरिबी (आ) गाउँको जीवन मन नपरेको

(इ) घरायसी झगडा (ई) साथी भाइको लहैलहैमा

छ) तिमीले होटलमा नै काम किन गरेको ?

(अ) मन परेकोले (आ) सजिलो भएकोले

(इ) पैसा कमाउन (ई) अरु काम नजानेकोले

ज) तिमीलाई अरु काम गर्न मनपर्छ? पर्छ/ पर्दैन/ पर्छ भने कुन काम?

(अ) घरको काम गर्ने (आ) प्लाष्टिक बटुल्ने (इ) अन्य

२. शैक्षिक स्थितिः

अ) तिमी स्कूल जान्छौ?

(क) जान्छु (ख) जाँदिन

आ) किन नगएको ?

(क) पढ्न मन नलागेर (ख) भाइबहिनी हेर्नुपरेकोले

(ग) पैसा नभएकोले (घ) अन्य

इ)　तिमी कुन कक्षामा पढ्दै थियो ?

१ कक्षा　२ कक्षा　३ कक्षा　वा त्यो भन्दा बढी

ई)　फेरी स्कूल जान मन लाग्छ ?

दाग्छ　लाग्दैन

उ)　किन लाग्दैन ?

पढ्न मन लाग्दैन　पैसा छैन　आमाबुबाले पढाउँदैनन्

अन्य

३.　कामाको अवधिः

अ)　दिनमा काम गर्ने समयः

(क) ६ घण्टा　(ख) ८ घण्टा　(ग) १० घण्टा　(घ) त्यो भन्दा बढी

आ)　पहिले कुनै काम गरेको छ ?

(क) छ　(ख) छैन

इ)　छ भने कुन काम?

(क) घरेलु नोकर　(ख) कार्पेट उद्योग　(ग) अरु कुनै

ई)　पहिलेको काम किन छोडेको,

(क) कम पैसा दिने　(ख) मालिकको नराम्रो व्यवहारले

(ग) समयमा पैसा नपाउने　(घ) अन्य

४.　आर्थिक स्थिति

पारिश्रमिक/ ज्यालाको स्थितिः

अ)　तिमीले आफ्नो ज्याला कहिले लिन्छौं ?

(क) दैनिक (ख) साप्तिहक　(ग) पाक्षिक　(घ) महिनाबारी

आ)　तिमीले महिनामा कति कमाउँछौं ?

(क) १०००-२०००　(ख) २०००-३०००

(ग) ३०००-४००० सम्म　(घ) ४००० भन्दा बढी

इ)　तिमीले पैसा के मा खर्च गर्छौ ?

(क) खानामा　(ख) लुगाफाटामा

(ग) सिनेमा हेर्न　(घ) चुरोट खाने　(ङ) अरु कुनै

ई)	तिमीले आफ्नो परिवारलाई सहयोग गरेका छौं ?

छ	छैन

ऊ)	छ भने कुन कामको लागि ?

.................................................................................................

५.	काम गर्दा भोग्नु परेको समस्याः

अ)	यहाँ काम गर्दा तिमीलाई के समस्या पर्‍यो ?

(क) धेरै कमाउन नसकनु	(ख) यौन शोषण

(ग) धेरै काम गर्नुपर्ने	(घ) अपमानित हुनुपर्ने

आ)	तिमीले कुनै यातना भोग्नु पर्‍यो ?

(क) शारीरिक	(ख) मानसिक

(ग) वेवास्ता	(घ) अन्य

६.	स्वास्थ्यः

अ)	तिमी बिरामी परेको छौं ?

छ	छैन

आ)	छ भने कुन बिमारी हो ?

(क) ज्वरो मात्र आउने	(ख) खोकी लाग्ने

(ग) स्वास फेर्ने गाह्रो हुने	(घ) झाडापखाला लाग्ने

इ)	चोटपटक लागको छ ?

छ	छैन

उ)	छ भने कहाँ ?

(क) हातमा (ख) खुट्टामा (ग) आँखामा (घ) औंलामा (ङ) अन्य

ऊ)	चोटपटक बढी केले लाग्छ ?

(क) उपकरण	(ख) भाँडाले चिप्लेर	(ग) लडेर	(घ) धकेलेर

७.	काम गर्ने ठाउँ कस्तो छ ?

(क) राम्रो	(ख) नराम्रो	(ग) खतरापूर्ण	(घ) थाहा छैन

८.	तिमीलाई बालअधिकार भनेको थाहा छ ?

छ	छैन

छ भने के हो ?

.................................................................................................

९. तिमीलाई बालश्रम भनेको थाहा छ ?

छ छैन

१०. तिमी भविष्यमा के बन्ने विचार छ ?


..................................................................................................

११. तिम्रो अवस्था राम्रो बनाउन के सल्लाह, सुझाव दिन्छौं ?

..................................................................................................

सहयोगको लागि धन्यबाद ।

## क्षेत्र अध्ययनका क्रममा उत्तरदातासँग लिइएका तस्वीरहरू







IMPERIA
DECOR
www.imperiadecor.com